पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेबसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३० अङ्क : ३० २०६९ फागुन २५ गते शुक्रबार (March 8, 2013) मूल्य रू. ७/-

## ससुरा ट्रष्टलाई ३ करोड, माडीलाई लोप्पा

काठमाडौ । २०६२ साल जेठ २३ गते सार्वजनिक बसमा विद्युतीय बम हानेर ३२ जनाको हत्यान र ७२ जनालाई घाइते पारेको माडी घटनाका सम्बन्धमा एमाओवादी अध्यक्ष प्रचण्डले माफी मागेका छन् । 'गर्ने बेलामा मनपरी, अहिले सरी' भनेझैँ पचण्डले ०६९फागुनमा आएर माफी मागे अनि भने मैले त्यस घटनामा परेकालाई सरकारसँग ६० लाख निकासास गराएर आएको छु, जसरी बाँडे पनि हुन्छ ।

तर सरकारका प्रवक्ता एवं सूचना तथा सञ्चार मन्त्री राजकिशोर यादवले माडी घटनाका सम्बन्धमा कुनैपनि प्रस्ताव नआएको र एकपैसा पनि निकासा नभएको बताए । सरकारले नै यसो भनिसकेपछि प्रचण्ड एकपल्ट फरि जनताको नजरबाट गिरेका छन् । यद्यपि लाज पचाउन फागुन (बाँकी अन्तिम पेजमा)

## राज्यले सञ्चालन गरेको नमूना बालमन्दिरमा यातना

# दिनानाथको दयनीय अनुहार

काठमाडौं । प्रिन्सिपल र शिक्षकहरूकै चरम यातना खप्न र खेप्न नसकेपछि कास्की कृषि अनुसन्धान परिषद्भित्रको नमूना



बालमन्दिरका ६८ जना छात्रछात्रा रातारात भागेर पोखरा आएपछि राज्यको शिक्षा नीति, शिक्षकको अनुशासन र शिक्षामन्त्री दिनानाथ शर्माको समेत दयनीय अनुहार उदाङ्गो हुन पुगेको छ । शिक्षामन्त्री, शिक्षा सचिव, शिक्षा कार्यालयहरू शैक्षिक बजेट उडाउने 'महारोग' रहेछन् भन्ने प्रमाणित समेत हुन पुगेको छ ।

यो बाल मन्दिर २०३१ सालमा बेलायत सरकारले स्थापना गरिदिएको हो । पछि नेपाल सरकारले यसलाई 'नमूना बालमन्दिर'का रूपमा चलाउन थाल्यो र नमूना माध्यमिक विद्यालयका रूपमा विकास गर्न उद्देश्य राखेको थियो । तर, प्रिन्सिपल दयाराम सुवेदी, शिक्षकहरू राम अधिकारी, गणेश भारती, टेकराज भारती, नीलकण्ठ चपागाईं, गोविन्दमणि पौड्याल, प्रनिश चापागाईहरूले छात्रछात्रालाई 'खाते, खान नपाएर आएका' भनर लाञ्छित गर्ने र यौनकर्मीको जस्तो दुर्व्यवहार गर्ने गरेको खुलासा भएको छ । यता अकुपाई बालुवाटारको हिंसा अन्त्यको आन्दोलन भइरहनु र राज्यद्वारा सञ्चालित नमूना बाल मन्दिरमा राज्इकै कर्मचारीबाट बालबालिकामाथि हिंसा फैलाइनुले राज्य सञ्चालकहरूलाई नैतिकताको यक्ष प्रश्नमा उभ्याइदिएको छ । (बाँकी अन्तिम पेजमा)

## बन्द पनि अग्रगमनकारी

काठमाडौं । अखिल क्रान्तिकारी र विद्यालयहरूले प्रतिवाद र प्रतिक्रियामा दुई दिन विद्यालय बन्द गरे । ४ माओवादी र जनजातिले बुध र विहीबार बन्द गरे । लाभ के भयो ? सर्वसाधारण पीडित भए, सरकार तमासे बन्यो, राष्ट्र नोक्सानीमा पऱ्यो । यस्तो परपीडक संस्कृतिलाई लोकतान्त्रिक हुँ भन्नेहरू अग्रगमन मान्छन् । बन्द, हड्ताल पनि अग्रगमनकारी हुनेरहेछ । नेताहरूले भनेपछि नाजायज पनि जायज हुनेरहेछ ।

राजनीतिक झगडाको केन्द्र सिंहदरबार, शीतल निवास र पार्टी कार्यालयाहरू मात्र हुनुपर्ने हो । गरिखाने सडक, पढ्नु पर्ने स्कुल-कलेजलाई हतियार बनाएरू राजनीतिक झगडा (बाँकी अन्तिम पेजमा)

## भट्टराई सरकारको अर्को राष्ट्रघात

अभियान संवाददाता

काठमाडौं । कामचलाउ प्रधानमन्त्री डा.बाबुराम भट्टराई नेतृत्वको सरकारले जाने बेलामा अनेक विवादास्पद निर्णयहरू गर्दै पार्टीगत स्वार्थका लागि मुलुकलाई दुरगामी असर पर्ने निर्णयहरू गर्नु राजनैतिक क्षेत्रमा बेइमानी हो । अब सत्तामा टिकिरहन कुनै पनि षड्यन्त्रहरू सफल हुन नसक्ने देखेपछि भट्टराई सरकारले सरूवा, बढुवा र नयाँ नियुक्ति गर्नु आफैंमा जघन्य अपराध भएपनि प्रमुख विपक्षी दल नेपाली कांग्रेस र नेकपा एमालेले



त्यसलाई रोक्न नसक्नु उनीहरूको समेत असफलता हो ।

पछिल्लो पटक सरकारले नेपाल वायुसेवा निगमको लागि अन्तर्राष्ट्रिय उडानका लागि पुरानो टेण्डरकै आधारमा जहाज किन्ने निर्णय गरेपनि त्यही बेलाको मूल्यमा थप रकम तिर्नुपर्ने भएको छ । चारवर्ष अघि भएको सम्झौता अनुसार यसबीच जाहज निर्माण लगायतमा वृद्धि भएको मूल्य अनुसार रकम थपेर भएपनि जहाज खरिद गर्न मन्त्रिपरिषद्को बैठकले निर्णय गरेपछि (बाँकी अन्तिम पेजमा)

## झुठ बोलेर दाहालले चुहाए गोहीको आँशु

अभियान संवाददाता

काठमाडौं । आजभन्दा ८ वर्ष अगाडि चितवनको बाँदरमुढेमा भएको घटनाका सम्बधमा गतहप्ता हेलिकप्टरमा त्यहाँ पुगेर घटनाका नाइके एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले आफ्ना कार्यकर्ता माझ गोहीको आँशु चुहाउँदै उद्घोष गरे, मैले घटना पीडितहरूको लागि राहतको प्याकेज रू. ६० लाख लिएर आएको छु । मैले राहतको प्याकेज नलिई त्यहाँ जान्न भनेकोले सरकारले रू. ६० लाख रूपैयाँ निकासा गरेको (बाँकी अन्तिम पेजमा)



## डेरीको दूधमा स्लो प्वाइजन

काठमाडौं । राज्इको नियन्त्रणमा रहेको दुग्ध विकास संस्थान र निजी डेरीहरूले दूधमा कास्टिक सोडा मिसाएर बेच्छन् । यणे भनेको स्लो प्वाइजन हो, यसबाट गम्भीर प्रकृतिका रोगहरू लागग्छन् । यो कुरा राज्यकै खाद्य प्रविधित तथ गुण नियन्त्रण विभागको निरीक्षणबाट सर्वाजनिक भएको हो ।

सर्वासाधारणको स्वास्थ्यविरोधी र वृद्ध-बालबालिकाले पनि पिउने दुधमा मन्द विषय बेच्ने र मुनाफा कमाउने कार्यमा राज्यनै लाग्छ भने योभन्दा ठूलो अपराध अरू के हुन सक्ला ? सर्वासाधारणको हकहित संरक्षण गर्नुपर्ने राज्य नै अपराध प्रेरित छ भने निजी उद्योगीहरूले छोटो समयमा (बाँकी अन्तिम पेजमा)

## बलाकृतलाई सम्मान

काठमाडौं । दिल्लीमा सार्वजनिक बसमा सामुहिक बलात्कृत भएर ज्यान गुमाएकी युवतीलाई अमेरिकी प्रथम महिला मिसेल ओबामाले सम्मान गर्ने भएकी छिन् । अमेरिकाल प्रत्येक मार्च ८मा विश्वका १० साहासिक महिलालाई सम्मान गर्ने क्रममा यो सम्मान गनृे घोषणा गरेको हो । यो सम्मानबाट गौरब लागेको अभिव्यक्ति बलात्कृत महिलाका भाइ गौरब पाण्डेले बताए ।

सन् २०13 महिलाहरूका लागि चेतना फैलाउने, साहसी बन्न प्रेरणा मिल्ने वर्षका रूपमा देखिएको छ । विश्वमै महिला हिंसाविरोधी र लैंगिक समानताका लागि व्यापक आवाज उठिरहेका छन् । नेपालमा (बाँकी अन्तिम पेजमा)

## हरेक कोणबाट सफल हुँदैछ- एमाओवादी

***शाश्वत शर्मा***

मुलुकमा चलिरहेको 'नाटक' को तुरून्तै पर्दा खस्ने कहिँ कतै र कुनै विश्वासिलो आधारहरू देखापरिरहेको छैन । एमाओवादीको हेटौंडा महाधिवेशनबाट प्रतिपादन भएको प्रधानन्यायाधीशलाई चुनावी सरकारको प्रधानमन्त्री बनाउने भन्ने चर्चित प्रस्तावले पनि अब विस्तार विस्तार 'हावा' खान थालेको आभाष कतिपयलाई लाग्न थालिसकेको छ । त्यस्तैगरेर 'प्याकेजमा सहमति' गरेर चुनावी सरकार गठन गरी मुलुकलाई निकास दिने भन्ने कुरा पनि अब 'गफ' मा मात्रै सीमित हुन थालेको महसूस भइरहेको छ भने संविधान, ऐन, नियमभन्दा बाहिर गएर गरिन आँटिएको बहालवाला प्रधानन्यायाधीशलाई चुनावी सरकारको नेतृत्व गर्न दिने भन्ने कुरामा अब फेरि बाधा व्यवधान आउने छाँटकाँट देखिँदैछ । समय घर्किँदै जाँदा नयाँ नयाँ प्रस्तावहरू आउने क्रम बढेपछि कथित चार प्रमुख दलहरूमा पनि अब यो विषयले गम्भीरता पाउन छाडेको देखिँदैछ । गत मंगलबार चार दलबीच नागरिकता र मतदाता नामावलीको विषयमा सहमति (?) भएता पनि अन्य महत्वपूर्ण विषयहरूमा सहमति हुन सकेको छैन । सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन र समायोजनमा गएका एमाओवादीका



लडाकूको दर्जा निर्धारण, बाधा अड्काउ फुकाउने र नेतृत्व हस्तान्तरणको विषयलगायतका विषयहरूले पूर्ण समाधान अझै पाइसकेको अवस्था छैन । बाहिर जनतासामू 'कुराहरू मिल्दैछन्' वा 'यति चैं मिल्यो' भनेर बताएतापनि भित्र बैठकको दृश्य बाहिर मिडियामा प्रस्तुत गर्ने भन्दा नितान्त फरक हुने कुरा अब सबैले बुझिसकेका छन् । अर्थात् नेताहरू प्रत्येक बैठककै पिच्छे जनता झुक्याउँदैछन्....। अहिले भइरहेको यत्ति हो । अब सबैले जानी (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान साप्ताहिक

## सम्पादकीय

# गिरिजाको महत्वाकांक्षा र खिलराज रेग्मी ?

*मुलुकको सबैभन्दा पुराना अनि लोकतान्त्रिक पार्टी नेपाली कांग्रेस आज आफ्नै कारणले अर्को पार्टीले ल्याएको प्रस्तावको वरिपरी घसम्न बाध्य भएको छ । कांग्रेसलाई नेपाली जनताले विश्वास गरेरै तीन पटकसम्म बुहमतीय सरकारको नेतृत्वमा पुऱ्याएपनि जनताको विश्वासलाई उसले घात गरेको हुनलो गत संविधानसभाको निर्वाचनमा कांग्रेसले नराम्रो पराजय भोग्नु परेको थियो । नेपाली कांग्रेसका तत्कालिन सभापति गिरिजाप्रसाद कोइरालाका ब्यक्तिगत महत्वाकांक्षा र तत्कालिन राजसंसथा माथिको रिसका कारण कोइरालाले प्रजातान्त्रिक शक्तिलाई कमजोर पारेर उग्रवादी वामपन्थीसँग साँठगाँठ गरेका हुनाले लोकतान्त्रिक शक्तिहरु अहिले छिन्नभिन्न हुन पुगेका छन् ।*

*भनिन्छ, कुनैपनि प्रजातान्त्रिक पार्टीले आफू उभिएको घरातल छोडेको खण्डमा वा बिर्सिएको खण्डमा त्यो पार्टी पनि अलिहेको नेपाली कांग्रेस जस्तो हुन्छ । त्यसैले आफ्ना पार्टीको गुमेको शाखलाई बाचर्य राख्न जनताको विश्वास जित्दै जनताको नजरमा आफू प्रजातान्त्रिक र पार्टीभित्र पनि लोकतान्त्रिक अभ्यासलाई क्रमशः स्थापित गर्दै लैजानु पर्दछ । अहिलेका २१ औं शताब्दीमा एउटा ब्यक्तिको भरमा र एउटा ब्यक्तिको निर्णयले मात्रै पार्टी सञ्चालन हुने सक्दैन । २०४६/४७ सलाको अन्दोलनमा नेपाली कांग्रेसले आफ्नो एजेन्डामा सबै वामपन्थीहरुलाई सहमागी गराउन सफल भएको थियो । तर त्यही कांग्रेस आज किन अहिलेको जस्तो संकटपूर्ण अवस्था पुग्यो भन्ने तर्फ कांग्रेसका शीर्ष नेताहरुले कुनै छलफल र बहसै चलाएका छैनन् । आफ्नै सिद्धान्त र नीतिमा खडा भएको कांग्रेस बलियो नभई लोकतन्त्रले निमार्थ स्थायीत्व प्राप्त गर्न सक्दैन । अहिलेको २१ औं शताब्दीमा प्रजातान्त्रिक ब्यवस्थाका अभावमा राष्ट्रको स्वतन्त्रता बचाएर राख्न सकिँदैन । हाम्रो जस्तो भूराजनीतिक अवस्था भएको मुलुकमा प्रजातन्त्र र राष्ट्रियता एक अर्काका परिपूरक भए मात्र मुलुकको स्वतन्त्रता बाँच्न सक्छ । नेपाली कांग्रेसमा गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईको बहिर्गमनपछि गिरिजाप्रसाद कोइरालामा ब्यक्तिगत महत्वकांषा यति जाग्यो कि उनी संस्थाभन्दा माथि बन्न पुगे । त्यसबेलादेखि कांग्रेस संस्थागत रुपमा प्रणहिन बन्न पुग्यो । त्यसबेला नेपाली कांग्रेस भनेको गिरिजा र गिरिजा भनेको कांग्रेस भन्ने गरिन थालियो, त्यसैबेलादेखि नै कांग्रेसले आफ्नो उद्देश्य र नीति परित्याग गरेको हुनाले अलिहेको जस्तो संकटपूर्ण अवस्थामा रहन बाध्य भएको हो ।*

*गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएको बेलादेखि नै मुलुक दण्डहिनताको शिकार हुँदै भ्रष्टाचारको दलदलमा फसेको थियो । भ्रष्टाचारीहरुले धमिजा, लाउडाजस्ता जघन्य अपराध गरे, ति सबै भ्रष्टाचारहरु गिरिजाप्रसादकै निर्देशनमा भएको थियो । आफूमाथि भ्रष्टाचारको आरोपलाग्न सक्ने भयले गर्दा कोइराल राजसंस्थामाथि खनिएर राजसंस्थाको विरोधमा उत्रिए । त्यसैको परिणामाम हो, १० वर्षे आन्दोलन गरेर झण्डै १७ हजार निर्दोष नेपालीको हत्या गर्ने तत्कालिन माओवादीसँग साँठगाँडगरेर माओवादीको मागलाई समर्थन गर्दै मुलुकबाट राजसंस्थाको अन्त्य गर्न राजी हुनु । प्रजातन्त्रको अभावमा राष्ट्रियतामाथि खतरा आउने परिस्थिति सिर्जना हुने अवस्था आएमा राजतन्त्रले आफ्नै स्वार्थका लागि पनि प्रजातान्त्रिक अधिकार जनतालाई नै दिएर जानतासँग सम्झौता गर्दछ भने पुष्टी त नेपालको राजतन्त्र नै गरिसकेको छ । त्यसैले राजतन्त्रको निरंकुशताबाट राष्ट्रियता गुम्ने खतरा कहिल्यै पनि रहँदैन भन्ने उग्रवादी तत्वको स्वार्थ र विदेशी दलालहरुको ब्यक्तिगत स्वार्थ अनि महत्वकांक्षाले राष्ट्रियता र प्रजातन्त्र दुवै गुम्न सक्ने खतरा जहिले सुकै पनि प्रवल रहेको हुन्छ । त्यही कारण भारतमा बसेका विश्वेश्वप्रसाद कोइराल २०३३ सालमा विदेशीभूमिबाट गरिने क्रान्तिले परिवर्तन होइन राष्ट्रियतामाथि खतरा हुन्छ भनेरै स्वदेश फर्किएका थिए । तर तिनैका कान्छा भाइले विदेशी भूमिका गएर तिनै विदेशीहरुले तयार पारिदिएको सम्झौता पत्रमा हस्ताक्षर गरेर विदेशीहरुलाई नेपाली माथि हस्तक्षेप गर्ने बाटो खोलिदिएका थिए ।*

*गिरिजाप्रसाद कोइरालाले माओवादीलाई हिंसासहित भित्राउने कार्यमात्र गरेनन्, माओवादीको अनुकुलको समयमा उसका लडाकु र वाइसिएलको उपस्थितिमा निर्वाचन गराई दिएर माओवादीलाई वैधानिक हैसियत समेत दिलाइदिएका थिए । तत्कालीन सात दल र एमाओवादीबीच भएको १२ बुँदे सहमति पछि हतियार र लडाकुका निणर्य र वाईसिएलको स्वरुप परिवर्तन नै नगरी विना निर्वाचन संसदमा ८३ सिट दिएर सरकारमा सालमे गराएका थिए । आखिरी किन ? माओवादीलाई वैधानिक हैसियत दिलाइसकेपछि उसैको सहयोगमा राजसंस्था समाप्त पारेर प्रजातन्त्रका लागि अझ खतरानाक शक्तिलाई बलियो बनाउने कार्य कोइरालाबाटै भयो । त्यसैकारणले प्रजातान्त्रिक शक्ति अहिले कमजोर अवस्थामा रहेको छ । कोइरालाले पुष्पकमल दाहालको कुरा पत्याएर आफू मुलुकको पहिलो राष्ट्रपति बन्ने सपना देखको थिए । तर आफ्नो काम फत्ते भएपछि तिनै दाहालले कोइरालालाई धुलो चटाइदिएका थिए । । अहिले त्यही क्रमलाई जारी राख्दै एमाओवादीले प्रधानन्यायाधीशलाई काथमा लगेर प्रधानमन्त्री बनाउने विषय अगाडि बढाएको छ । गिरिजाप्रसाद काइरालको महत्वकांक्षाले मुलुक संकटमा फस्यो, अब खिलराज रेग्मीको ब्यक्तिगत महत्वकांक्षाले अर्को संकट निम्त्याउँदैन भनेर कसरी विश्वास गर्ने ? एमाओवादीले मुलुकलाई असफल राष्ट्र पारेर राज्यसत्ता नै कब्जा गर्न चाहेको प्रष्ठ हुँदा हुँदै रेग्मी प्रधानमन्त्री बन्ने लहडमा लाग्नुको रहस्य के ?*

# रेग्मी सुनको थालीमा विष

*देवेन्द्र चुडाल*

२०६९ साल जेठ २ गते चार राजनीतिक दलहरू बीच भएको सहमति अनुसार नेपाली कांग्रेसलाई सत्ता हस्तान्तरण गरेर दलहरू अगाडि बढेका भए अहिलेको जस्तो जटिल अवस्थामा मुलुक पुग्ने नै थिएन । ठीक त्यसको विपरीत एकीकृत नेकपा माओवादी अनेक जालझेल गरेर षड्यन्त्र मूलक ढंगले अगाडि बढ्न खोजेको हुनाले मुलुक अनिर्णयको बन्दी बनेको सत्य वास्तविकता भएपनि एमाओवादी नेतृत्वले त्यो वास्तविकता स्वीकार गर्न सकेको छैन । पछिल्लो समयमा एकीकृत नेकपा माओवादी आफ्नो सातौं महाधिवेशनबाट नै पारित गराएर बहालवाला प्रधानन्यायाधीशको अध्यक्षतामा चुनावी सरकार निर्माण गर्ने जुन प्रस्ताव ल्यायो त्यो आफैंमा षड्यन्त्रमूलक रहेको छ । पछिल्लो अवस्थामा र संवैधानिक व्यवस्थालाई अध्ययन गर्दा २०७० साल जेठ महिनाभित्रमा निर्वाचन हुन सक्ने अवस्था देखिएको छैन । जेठ महिनामा निर्वाचन हुन नसकेको खण्डमा वर्षाद सुरू हुने भएको हुनाले आउँदो कात्तिक/मंसिरमा मात्र विर्नाचन हुन सक्ने देखिएको हुनाले अब प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा सरकार गठन गर्ने दलहरूको प्रयास निरर्थक सावित भएको छ । जेठ महिनाभित्रमा निर्वाचन गराउनका लागि रेग्मीलाई सरकार प्रमुख बनाउनन प्रयासरत दलहरूले अब जेठमा निर्वाचन हुन नसक्ने भएपछि रेग्मीलाई सरकार प्रमुख बनाउनुको सट्ट राजनीतिक दलका व्यक्तिको नेतृत्वमै सरकार गठन गर्ने प्रयास गर्नु सबैभन्दा उचित विकल्प हुन्छ ।

एकीकृत नेकपा माओवादीले आफ्नो महाधिवेशनबाट पारित गरी प्रधानमन्त्रीको उम्मेदवार बनाइएका रेग्मीलाई सर्वोच्च अदालतमा प्रधानन्यायधीश समेत रहने गरी सरकार प्रमुख पनि बनाउन खोज्नु एकीकृत नेकपा माओवादीको षड्यन्त्र लुकेका प्रस्ट हुन्छ । प्रधानन्यायाधीश रेग्मीलाई काजमा लगेर सरकार प्रमुख बनाइनु र पछि सरकार प्रमखुबाट हटेपछि फेरि प्रधानन्यायाधीशको रूपमा सर्वोच्च अदालतमा फिर्ता आएर उनको न्याय सम्पादनको कार्य गर्नु भनेको प्राकृतिक न्यायको सिद्धान्त र संविधानको ठाडो बर्खिलाप हो । रेग्मी सरकार प्रमुख नहुँदै दलहरू, कानून व्यवसायीहरू र नागरिक समाज विभाजित भइसकेको र रेग्मीकाविरूद्ध सर्वोच्च अदालतमा रिट निवेदनहरू परी ती विचाराधीन रहेको अवस्थामा रेग्मीलाई सरकार प्रमुख बनाउन खोज्नु संविधानको ठाडो उल्लंघन हुनु हो । राजनीतिक दलहरूले नेपालको अन्तरिम संविधान अनुसार राजनैतिक सहमति गर्नु पर्नेमा राजनीतिक सहमति अनुसार संविधानको व्याख्या गर्दै संविधान सञ्चालन गर्न खोज्नु दलहरूको असफलता र अकर्मण्यताको अर्को नमूना हो । संविधानसभाको हत्या गरिएपछि अर्को निर्वाचन नभएसम्म सबैदलको हैसियत समान रहन्छ । अर्थात् कहिँकतै मतदान गर्नुपरेमा ठूला भनाउँदा दलहरू हुन कि साना दल सबैले एकमत मात्र दिन पाउँछन्, त्यसकारण अलिहेको वअस्थामा हामी ठूला दल हौं भन्ने घमण्ड कुनै दलहरूले नगरे हुन्छ । संविधानको पालक र संरक्षक भएको नाताले राष्ट्रपति डा.रामवरण यादवले सबै दलहरूलाई समान व्यवहार गर्नु पर्नेमा उनले समेत साना दलहरूलाई उपेक्षा गरेर संधिवानको पालक र संरक्षकको भूमिका निर्वाह गर्न सकेको देखिएन । केही मुठीभरका दलको सहमतिमा मात्र राज्य सञ्चालन गर्ने भए चार दलका बाहेकका अन्य सबै दलहरूलाई प्रतिबन्ध लाई दिए हुन्छ । चार दलले मात्र गर्ने सहमतिमा राष्ट्रपतिले सहमति जनाउको खण्डमा राष्ट्रपतिले आफूलाई चार दलको मात्र राष्ट्रपति हुँ भनेर भन्न सक्ने कि नसक्ने ? नेपालको अन्तरिम संविधानले संधिवानको अन्तिम व्याख्या गर्ने अधिकार सर्वोच्च अदालत र संविधानको पालक र संरक्षक राष्ट्रपतिलाई स्वीकार् गरेको अवस्थामा उक्त दुवै निकायका प्रमुखहरूले संविधानको पालना गर्नु र गर्न लगाउनु उनीहरूको दायित्व र कर्तव्य भएपनि दुवैले आफूले पाएको अधिकारको दुरूपयोग गर्ने प्रयास गर्नु निश्चय पनि मुलुक र नेपाली जनताको लागि दुर्भाग्यको विषय हो ।

सत्ताधारी दल एमाओवादीले आफ्नो पार्टीको उम्मेदवारका रूपमा रेग्मीलाई सरकार प्रमुख बनाउने प्रस्ताव नेपाली कांग्रेस जस्तो मुलुककै पुरानो पार्टीले सहर्ष स्वीकार गर्नु आश्चर्यको विषय बनेको छ । एकीकृत नेकपा माओवादीले सबै संवैधानिक निकायहरूमा प्रायः निस्क्रिय पारिसकेको र नेपाली सेनाका प्रमुखलाई समेत आफ्नो पक्षमा लिइसकेको अवस्थाम एक मात्र स्वतन्त्र न्यायपालिकाका माथि हस्तक्षेप गरेर न्यायपालिका प्रमुखलाई सरकार प्रमुख बनाउने प्रस्तावले गर्दा स्वतन्त्र न्यायपालिकाको मान मर्यादामाथि नै प्रश्न उठेको छ । आफूले हालसम्म गरेका अवैधानिक र गैरकानुनी कार्यलाई वैधानिकता दिने प्रमुख उद्देश्य बोकेर एमाओवादीले रेग्मीलाई सरकार प्रमुख बनाउन खोजेको हो । विभिन्न सर्तहरू अगाडि सार्दै कहिले १० वर्षसम्म सत्ता छाड्दैनौं भन्नु र कहिले स्वतन्त्र व्यक्ति, कहिले भट्टराई सरकारमै कांग्रेस, एमाले सहभागी हुनुपर्दछ भन्ने अडान राख्नुले एमाओवादी सत्ता छोड्न चाहँदैन भन्ने पुष्टि गर्दछ । केही समय पहिला चार दलको बैठकमा एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले अब जेठमा निर्वाचन हुन सक्दैन, त्यसकारण प्रधानन्यायाधीशको नेतृत्वमा सरकार बनाउनु अर्थ नरहेको बताएका थिए । एकपछि अर्को गर्दै बोली फेर्दै हिंड्ने दहालको प्रवृत्तिले गर्दा उनी आफू नागिंए नागिंए, पुरै मुलुकलाई नै अविश्वासको खाडलमा हालेका छन् । हालै चितवनको बाँदरमुढे पुगेका अध्यक्ष दाहालले २०६२ सालमा भएको बाँदरमुढे घटनाका पीडितलाई ६० लाख राहत प्याकेज लिएर आफू आएको बताएका थिए । अपफ्नो प्रयासमा मन्त्रिपरिषदको बकैडकले ६० लाख राहत निकासा गरी सकेको बताएर उनले पीडितको मन जित्न खोजे पनि आखिरी त्यो झूठ सावित भएको छ । सरकारले निर्णय गरी निकासा नै नगरेको रूपैयाँ किन दाहालले निकासा भयो भनेर झूठ बोले ? बाँदरमुढे घटनाका पीडितहरूलाई पैसाको लोभ दखोएर उनले पीडितहरूलाई विभाजित गराउन खोजेका थिए । एउटा पार्टीका कार्यकर्ताहरूले पार्टीगत स्वार्थ पूरा गर्न निर्दोष व्यक्तिको अमानवीय क्रुर हत्या गर्ने अनि पीडितहरूलाई राज्यकोषबाट रकम प्रदान गर्ने ? जसले घटना गऱ्यो त्यसैले पीडितहरूलाई राहत दिनु पर्दछ । उनले आफ्ना कर्याहरूबाट भएका राम्रा नराम्रा कार्यको जिम्मेवारी लिनै पर्दछ । केवल एउटा कागजमा वक्तव्य प्रकाशित गरेको भरमा उनले कुनै हालतमा पनि पीडितहरूबाट उन्मुक्ति पाउन सक्दैनन् । पीडितहरूको बीचमा गएर झुठ बोल्ने दाहालले आजसम्म कति झूठा बोले होला त्यसैले प्रमाणित हुन्छ अध्यक्ष दाहाल झुठ बोल्ने र झुठको खेती गर्न माहिर नेता हुन् ।

विश्वका कुनैपनि लोकतान्त्रिक पद्दति अपनाइएका मुलुलकहरूमा प्रधानन्यायाधीशलाई सरकारको प्रमुख बनाइएको इतिहास छैन । सैनिक शासन भएका र विस्तारै युद्धबाट उम्कन खोजेका केही मुलुकहरूमा केही समयको लागि प्रधानन्यायाधीशलाई सरकार प्रमुख बनाएको भएपनिअहिले ति सबै मुलकुहरूले त्यस्तो व्यवस्था नै खारेज गरी सकेको अवस्थामा खिलराज रेग्मीलाई सरकार प्रमुख बनाउन खोज्नु रेग्मीलाई माया गरेर नभएर आफ्नो स्वार्थ पूर्ति गर्नका लागि हो । अहिले व्यवस्थापिका संसद छैन । कार्यपालिका र न्यायापालिकाकाको प्रमुख एउटै व्यक्ति बनाएको खण्डमा त्यस्तो व्यवस्थालाई किमार्थ लोकतान्त्रिक व्यवस्था भन्न सकिँदैन । यदी एमाओवादीले प्रस्ताव गरेनुसार नेपाली कांग्रस र नेकपा एमालेले त्यासो गनए स्वीकार गरेभने उनीहरूले आ-आफ्नो दल विघठन गरे हुन्छ । लोकतन्त्रको उपहासमा कांग्रेस र एमाले जस्ता पार्टीहरूले सहमति जनाउनु भनेको भविष्यमा उनीहरूका लागि त्यो आत्महत्या , गरे सरह हुन्छ । एमाओवादीको राजनैतिक राणनीति भनेको त लोकतान्त्रिक संरचनाहरूलाई भत्काएर मुलुकलाई अस्थिरता र निरंकुशतातिर लैजानु नै रणनीतिक उद्देश्य हो । उ अहिले आफ्नो रणनीतिक उद्देश्य हो । नेपाली कांग्रेस र एमाले र अन्य दलहरूले एकीकृत नेकपा माओवादीका निरंकुशतावादी नीतिलाई साथ दिनु भनेको उनीहरूको स्वतन्त्र अस्तित्वलाई नै समाप्त गर्नु बाहेक अन्य केही हुन सक्दैन । पछिल्लो समयमा नागरिक समाज भनाउँदाहरू र बौद्धिक जमात पनि अहिले विभाजित भएर आ-आफ्नो स्वार्थमा लागेका छन्, त्यसैकारण उनीहरू निरीह जस्ता देखिएका छन् । आफूलाई कानून व्यवसायी बताउने केही कालाकोटधारीहरूले समेत संविधानको बाधा अड्काउ फुकाएर बहालावाला प्रधानन्यायाधीशलाई सरकार प्रमुख बनाउन सकिने तर्क प्रस्तुत गरेर कानुनव्यवसायीहरूको

बाँकी ५ पेजमा

# निर्वाचन मृतसञ्जिवनी बुटी हो



राजन कार्की

सवाल प्रधानमन्त्री र प्रधानन्यायाधीशको निवासको मर्जर अथवा अदालतको स्वतन्त्रता, संविधानवाद, लोकतान्त्रिक राज्य सञ्चालनका बिधिको मात्र पनि छैन । सवाल छ : राजनीतिक सहमति भयो वा भएन भने पनि प्रधानन्यायाधीशले राष्ट्रपतिले सपथ ख्वाउने प्रधानमन्त्री बन्न हुन्छ कि हुन्न भन्ने पनि छ । सत्ता सधैं लेनदेनको विषय बन्न सक्छ, अहिलेसम्म भागबण्डाको विषय बनिरहेको पनि हो । तर यस्तो लेनदेन अथवा भागबण्डाको पक्षमा न्यायाधीशको उच्च सम्मानमा दाग लाग्नु कदाचित स्वतन्त्र न्यायपालिकाका पक्षधरहरूका लागि सह्य विषय हुनसक्दैन ।

शिवजीले समुन्द्र मन्थनबाट निस्केको विष पान गरेको प्रसङ्ग छ । के त्यस्तै प्रसङ्ग हो अहिलेको राजनीतिक परिदृश्य ? यदि त्यसो हो भने शिवजीकै जस्तै पवित्र धार, धारणा र उद्देश्य छ यो सत्ता परिवर्तनको ? अहिले उठेका अनेकथरि आशंकाहरू मिथ्या साबित हुनेछन् ? न्यायपालिका प्रमुखलाई कार्यपालिका, व्यवस्थापिकाको अधिकार पनि दिंदा कुनै खतरा अथवा अनहोनी हुने छैन त ? हो भने, किन देशभित्र देशबाहिरको दबाब र चलखेलको आवाजहरू घन्टा घन्किएझैं घन्किरहेका छन् त ? सुरक्षा निकाय र दलालको मिलिभगतमा एयरपोर्टमा सेटिङ गरेर मान्छे निर्यात गरेको घटनाजस्तै 'सेटिङ'को मामिला होइन त यो सत्ता परिवर्तन र निर्वाचनको कुरा ? सहमति होस्, निर्वाचनको माहौल बनोस् । यस्तो पवित्र धारणा सबैको हुँदाहुँदै पनि यी दृश्यहरू लोकतन्त्रको माखौल नबनोस् ।

लामो चुप्पी साधेर बसेका खिलराज रेग्मीले शीर्ष दलका शीर्ष नेतृत्वसँग लामो छलफलपछि 'हुन्छ' भनेर टाउको हल्लाउनासाथ प्रधानन्यायाधीशको नेतृत्वमा सरकार गठन गरेर निर्वाचनमा जान सहमत भएका शीर्ष दलहरूमा सहमतिले मूर्तरुपमात्र लिएन, शीर्ष दलबीचको सहमति कायम अझापि कायम छ तर शीर्ष दलहरूमध्ये नेपाली कांग्रेस र एमालेभित्र रन्थनिने र नेकपा-माओवादीभित्र फनफनिने केही नेताहरूमा शीर्ष दलहरूमा जमेको सहमति फाट्ने फटाउने बिबाद चुलिएको छ ।

प्रधानन्यायाधीशको राष्ट्रका लागि त्याग गर्न तैयार छु भन्ने प्रतिक्रिया सार्वजनिक हुनासाथ आगामी मंसिरमा मात्र होइन, ०७० साल वैशाख-जेठमा समेत निर्वाचन हुने छाँट देखिएन भनेर निराश भएको राजनीतिक बृत्तमा मंसिरमै निर्वाचन हुने झिनो आशा पलायो र राजनीति चलायमान पनि भयो । यसैबीच राजनीतिमा मुछिएका कानुनविद, नागरिक समाज र अधिकारकर्मीहरू एकाएक जुर्मुराएर उठे, पक्ष-विपक्ष, वादी-प्रतिवादीका रुपमा खडा हुनपुगेका छन् । फेरि 'प्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाउन हुन्छ र हुन्न' भन्ने बहस सुरु भएको छ । शीर्ष दलको सहमतिमा प्रधान न्यायाधीशको नेतृत्वमा सरकार बन्ने वातावरण धमिलिन थालेको छ । 'बिरोधको बान्ता' व्यापक हुनथालेको छ । यसबाट निर्वाचनको सम्भावना क्षीण हुन थालेको छ । युरोपियन युनियनका प्रतिनिधिहरूसँग नेकपा-माओवादीका अध्यक्ष मोहन बैद्यले 'चुनाव बहिष्कार गर्दैनौं' भनेर दिएको आश्वासनका बाबजुद बैद्यका मूल थामका रुपमा रहेका नेताहरूले कर्कश श्वरमा असहमति प्रकट गर्न थालेका छन् । प्रधानन्यायाधीशको निर्देशनमा निस्केको सर्वोच्च अदालतको विज्ञप्तिलाई समेत कानुनचीहरूले बिबादको पहाड बनाइदिएका छन् । बिबाद बढ्दै गएको छ ।

प्रधानन्यायाधीश खिलराज रेग्मीलाई नेतृत्व र नैतिक धरातल गुमाएका राजनीतिक बर्ग र इमान गुमाएको राज्य संयन्त्रलाई निर्वाचनको खरीमा घसेर लोकतन्त्रको गरिमा, महिमा र इज्जत राख्ने र आफ्नै इतिहास निर्माण गर्ने अवशर पनि प्राप्त भएकै हो । सर्वोच्च अदालतको सम्मान बढाउने र राजनीतिक धर्म निर्वाहमा च्यूत भएकाहरूलाई सबक सिकाउने मौका पनि हो यो । सुरुमा खिलराज रेग्मीले इन्कार गर्ने खतरा देखिएको थियो, शीर्ष दलहरूको सामुहिक आग्रह र सहयोग गर्ने प्रतिबद्धतापछि रेग्मीले निर्वाचनको शिरोभारो स्वीकार गरेर कम्मर कसेको देखिन्छ । हुन पनि तीघ्रा कमाएर जँघार तर्न सकिन्न भन्ने रेग्मीले राम्ररी बुझेका छन् ।

प्रधानन्यायाधीश खिलराज रेग्मीको नाम शीर्ष दलहरूको बैठकबाट सार्वजनिक भएको भए सुनमा सुगन्ध हुने थियो । अविश्वास र आशंकाका यतिबिघ्न प्रश्नहरू उठ्ने थिएनन् । एमाओवादीको महाधिवेशनबाट पारित भएर प्रचण्डको मुखारबिन्दबाट 'फर्मुलाका रुपमा फुत्त' निस्केकाले न्यायपालिकालाई ध्वस्त पार्ने रणनीतिक चालका रुपमा खिलराज रेग्मीको नाम बदनाम हुनपुगेकै हो । प्रधानन्यायाधीश खिलराज रेग्मी एमाओवादीका 'सिपाही' हुन् भनेर पनि डामियो । पर्दापछाडि देशी विदेशी जसको निर्देशन वा दबाबबाट प्रधानन्यायाधीशको नाम प्रस्तावित भएको भए पनि शीर्ष दलहरूले बिबाद थाँति राखेर सहमत भएकाले निर्वाचनलाई सम्भव बनाउन सबै तह र तप्काले सहयोग गर्नु उचित हुनेछ । किनकि निर्वाचन पर सर्नु भनेको लोकतन्त्रका विशेषतामात्र होइन, मर्म र मर्यादाहरूको बिनास हुँदै जाने खतरा देखिन्छ ।

खिलराज रेग्मीले आफू कुनै पार्टीको, नेताका हाम्रो होइन, राष्ट्रको राम्रो व्यक्ति हुँ भनेर देखिन, देखाउन र त्यसमा खरो उत्रन सक्नुपर्छ । स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचन मंसिरमै हुन्छ भनेर विश्वासको सञ्चार जगाउन सक्नुपर्छ । यसबाट सत्ताका लागि मरिहत्ते गर्ने राजनीति जनाधारको उर्जा प्राप्त गर्नतिर लाग्नेछ भने निरास जनताको राजनीतिक चेत जागृत हुनपुग्नेछ । कानुनी व्यक्तिको नेतृत्वको सरकारले सुशासन र न्यायपूर्ण समाजका लागि जस्तोसुकै अप्रिय निर्णय लिनसक्छ र कसैलाई काखा र पाखा गर्दैन भन्ने नजीर स्थापित गरेर चुनावपछि बन्ने जन प्रतिनिधिमूलक सरकारका लागि उत्प्रेरणाको आधार खडा गरिदिन सक्छ । न्यायालय, न्यायाधीश राष्ट्रियता, राजनीतिक र सवैधानिक बिबाद सुल्झाएर गत्यारोधबाट लोकतन्त्रको मार्ग प्रशस्त गर्न सक्षम छन् भन्ने देखाउन सक्छन् । प्रधानन्यायाधीश खिलराज रेग्मीबाट यतिबेला राष्ट्रले यस्तै अपेक्षा राखेको देखिन्छ ।

रेग्मीको आवश्यकता नितान्त निर्वाचनका लागि हो । यो सरकारले दूरगामी प्रभाव पार्ने कुनै निर्णय गर्नेछैन । न त शक्ति पेथकीकरणको सिद्धान्त खलबल्याउने छ । विशेष अवस्थामा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको हैसियत प्राप्त हुने यस्तो शासन ०४७ सालको भट्टराई शासनजस्तै हो । फरक यत्ति छ- भट्टराई राजनीतिज्ञ थिए, रेग्मी कानुनी । भनिन्छ, शंकाले लंका पिर्छ । त्यस्तो शंका नगर्दा र निर्वाचनमा जाँदा लोकतन्त्र, लोक र राष्ट्रको कल्याण होला । शंका गर्ने आधार प्रचण्डले खडा गरिदिएकाले आश्वस्तता नदेखिएको हो । प्रधानन्यायाधीशको नेतृत्वको निर्वाचन सरकारको प्रस्ताव दक्षिणी छिमेकी, राष्ट्रपति डा.रामवरण यादव हुँदै प्रचण्डको 'सूत्र' का रुपमा आएकाले शंका उठेको र शंका निवारणभन्दा पनि बलशाली बनाउने कमजोरीका कारण बिबादका ज्वारभाटा उत्पन्न भएको देखिन्छ । छिमेकीकै अरौटेका रुपमा राजनीतिमा यो विकास भएको हो भने हस्तक्षेप अरु बढ्नसक्छ । यो झस्काउने खालको प्रसङ्ग पनि हो । हस्तक्षेप कतै कुनै तरिकाले देखियो भने उत्तरी छिमेकी हातमा हात बाँधेर बस्नेछैन । एमाले महासचिव ईश्वर पोखरेलले भनेझैं अहंकार त्यागेको र निर्वाचन गराउने प्रत्याभूति दिएको भए यतिखेर न्यायमूर्तिको शरणमा होइन, निर्वाचनको जिम्मेवारी प्रचण्डको काँधमा हुनेथियो । युद्धदर्शन र बुद्धदर्शनको फ्युजनको भाषण गर्दागर्दै अहंकारमय हुनपुग्दा पुष्पकमल न पुष्पजस्ता होनहार हुनपुगे, न कमलजस्ता कमलो ।

'तरुलको नियति' मा रहेको देशभित्रका नेतृत्वपंक्ति उत्तर तथा दक्षिणी छिमेकीका विश्वासप्राप्त बन्न सकेनन् । सुशील कोइराला 'झुसिला' बने । उनको न पार्टीमा कमाण्ड रहृयो, न छिमेकको भर बन्नसके । एमालेका झलनाथ प्रचण्डको औंला समातेर सत्तामा पुग्दा प्रचण्डपथका अनुयायीका रुपमा देखिए, पदबाट झरेपछि विदेशीका खेलौनाजस्ता । झलनाथ पार्टीका अध्यक्ष त हुन् तर उनको प्रभावशून्यताले उनी अध्यक्ष हुन् कि सदस्य, छुट्याउनै मुस्किल छ । मधेसी मोर्चा नितान्त ब्लटिङ पेपरजस्तो छ जो राज्यको साधन, स्रोत र अवसर निरन्तर सोसिरहन चाहन्छ । सत्ता परिवर्तन र निर्वाचनको कुरा उठ्दा उ अनागरिकलाई नागरिकता दिलाउन, जनसंख्याको आधारमा आफ्नो प्रभाव सुरक्षित गर्ने मधेसी राजनीतिमा सिमित छ । एमाओवादी आफूलाई राजनीतिको केन्द्रमा राख्नका लागि जस्तोसुकै मूल्य र मान्यताको बली चढाउन पनि हरदम तत्पर देखिन्छ । नेकपा-माओवादीको गोलमेच सम्मेलन र राजनीतिक निकासलाई प्रचण्ड कुनै महत्व दिन चाहँदैनन् । भुरेटाकुरे दलहरू गर्न केही नसके पनि हिनहिनाइरहेका छन् ।

रहृयो सवाल नेपाली सेनाको । प्रधानसेनापति गौरवशमशेर जबराले गतहप्ता स्टाफ कलेजका सफल अधिकृतहरूका सामु बोलेर राष्ट्रलाई झङ्कृत पारिदिएका छन् । 'नेपाल सेना अन्तिम शक्ति हो ।' गौरवशमशेरले सत्य बोलेका हुन् । सेना संगठित शक्ति थियो र छ । राजनीति असफल हुँदा न्यायाधीश अगाडि आएका छन् । सेनापतिले सहयोगीका रुपमा सघाइदिंदा राजनीतिक बर्गले गुमाएको साख र कर्तव्यको वातावरण पुनर्ताजगी हुनसक्छ । न्यायाधीशको नेतृत्वको सरकारले पनि सकेन भने अन्तिम शक्ति अगाडि आउन बाध्य हुनेछ । विश्वासको संकटले त्यही बिकल्पमा जाने बिडम्बनापूर्ण स्थिति निम्त्याउन पनि सक्छ । राजनीतिक बर्गमा पन्पिएको एकदोस्राप्रतिको सशंकित हुने बानीले न्यायाधीशलाई सरकारको नेतृत्वको लागि गुहार लगाएर एउटा जघन्य गल्ती गरिसकेको छ । यो बिडम्बनापूर्ण स्थिति आफैमा ठूलो जोखिम हो, राजनीतिक बर्गको अक्षमताको प्रदर्शन पनि हो । बिग्रेको राजनीतिलाई सुधार्न सेना आउनु पर्‍यो भने त्यो लोकतन्त्रको आत्मघात हुनजानेछ । नेपालको सन्दर्भमा राम्रो पक्ष के देखिन्छ भने नेपाली सेनाले कहिले पनि राज्यसत्ताको चस्का राखेन । तर राजनीतिक दलहरूले सेनालाई राजनीतिकरण गर्न सधैं आतूर देखिए । कटवाल प्रकरण र कूलबहादुर काण्ड सेनाभित्र पार्टीकरण रोप्ने दुस्प्रयास थियो, जुन सौभाग्यले 'बतासे फूल' साबित भयो । सैनिक संगठन भाँडिन पाएन । दुस्साहस गर्ने प्रचण्ड तातो तावाबाट आगाको भुङ्ग्रामा पुगे । ०६६ सालको त्यो पीडाको डाहा प्रचण्डको अनुहारमा आजसम्म पनि देख्नेले देखिरहेका छन् ।

२०६४ सालको संविधानसभाको निर्वाचनमा जनताले आँखा चिम्लेर माओवादीलाई जिताइदिए । 'नयाँ नेपाल' बनाउँछु भन्नेलाई 'ल बना' भनेर भोट ओइराइदिएका हुन् । जनताको भोट त आयो, वाईसिएलले मरेका, विदेशीएका, बिरामी परेकाको मात्र होइन, मतदाता सूचीभन्दा बढी भोट खसालेरै माओवादीलाई प्रमुख पार्टी बनाइदिए । जित्नेपर्नेले जिते, हार्नै पर्नेले पनि हारेनन् । निर्वाचन र समानुपातिकको नाममा अपराधी र असामाजिक तत्वहरू पनि सभासद बने । जसको परिणाम संविधानसभाको चारवर्षे कार्यकाल र प्रचण्ड-माधव-झलनाथ-बाबुरामको शासनकाल 'काल र कालरात्रि' बन्यो । संविधानसभा मारियो, शान्ति खलबलियो, अन्तरिम संविधान बेकम्मा बन्यो । लोकतान्त्रिक नयाँ नेपालको सपना बाँदरको हातमा नरिवल हुनगयो । जसको परिणति भोगिरहेका छौं ।

निर्वाचनको बिकल्प छैन । छिटोभन्दा छिटो जसरी पनि निर्वाचन हुनैपर्छ । राष्ट्रलाई यसरी बेवारिसे र संक्रमणकालमा राखिरहनु भनेको राष्ट्रिय अस्तित्व र नागरिक सर्वोच्चतालाई प्रश्नचिन्हमा राख्नु हो । सबैले स्वीकार गरौं- निर्वाचन : लोकतन्त्र पुनर्जागरणको सर्वौषधि हो । यति स्वीकार गर्दा राजनीतिक र सवैधानिक संकटको समाधानको सुरुआत हुनसक्छ ।

**प्रधानन्यायाधीश खिलराज रेग्मीलाई नेतृत्व र नैतिक धरातल गुमाएका राजनीतिक बर्ग र इमान गुमाएको राज्य संयन्त्रलाई निर्वाचनको खरीमा घसेर लोकतन्त्रको गरिमा, महिमा र इज्जत राख्ने र आफ्नै इतिहास निर्माण गर्ने अवशर पनि प्राप्त भएकै हो । सर्वोच्च अदालतको सम्मान बढाउने र राजनीतिक धर्म निर्वाहमा च्यूत भएकाहरूलाई सबक सिकाउने मौका पनि हो यो ।**

# Julius Engel- Berlin, Germany

***The Role of Civil Society***
***Introduction:***

The concept of Transitional Justice (TJ) gained prominence in the last thirty years in several cases of post-conflict societies around the globe. Transitional Justice is described as a way to deal "with the past of violent conflicts ... in order to promote the transition to peace and security in a divided society".' The concept regards justice not only as a legal (penal) term, but also focuses on the transition to security and peace and the working up of human rights violations and war crimes. TJ may therefore not only be understood as a retrospective concept but as one that looks forward in forming new parameters for a conflict-struck society. On one hand, it consists of the legal prosecution of crimes committed in the past and, on the other, of a truth finding and reconciliation process between the conflict parties-between the perpetrators and the victims. Prominent cases in Latin America (Argentina, Chile), Africa (South Africa, Rwanda, Sierra Leone), and Asia (Cambodia, East Timor, Sri Lanka) led to varying results and estimations among observers and participants of the process, as the concept does itself.

The framework of Transitional Justice opens various windows for the participation of civil society, be it in an institutionalized role as a part of truth finding commissions or as an outside observer and commentator pushing for accountability. In many cases, the period after a conflict is the first time that non-state actors are given the opportunity of participating actively in a national discourse on the shape of a society to come. In the case of Nepal, a discussion is not only needed on the direct impacts of the conflict but also on the almost institutionalized culture of impunity. The goal of Transitional Justice can only be achieved if the process is backed and reflected in the public sphere. Turning from object to subject, civil society actors-especially the victims of a conflict-must participate if a conflict-struck society wants to emerge in peace and security. Though the exact numbers remain unknown it is said that during the armed conflict in Nepal 15,000 people died, 270,000 were displaced, and 1.5 million migrated to other countries. Today 5000 are still missing due to enforced disappearance. The Comprehensive Peace Agreement (CPA) signed in 2006 assured to address these atrocities. In Nepal, the governments following King Gyanendra have several times agreed and declared to establish a Truth and Reconciliation Commission (TRC) and a Disappearance Commission (CD). In Clause 5.2.5, the CPA provides for the establishment of a Truth Reconciliation Commission (TRC). The CPA also states that victims of conflict and torture shall obtain relief and impartial investigation on violations of humanitarian law and human rights will be carried out. These provisions form the ground on which the establishment of transitional justice mechanisms in Nepal can be discussed. The agreement of the 1st November of also 2011 contained a recommitment to establish those commissions. But so far no bill for the establishment of a TRC or CD has been passed by the parliament. The proposed draft bills have raised some major concerns along with human rights activists and international observers. The drafts bear the risk of being nothing but a tool to "sweep war-time abuses under the carpet in the name of reconciliation". Fear has arisen among many that (blanket) amnesties will be granted to violators of human rights. Also the latest attempt to bring a TRC bill and a CD bill to parliament received great criticism inside and outside Nepal. The Asian Human Rights Commission feared that loopholes, in the draft bills will put the rights of victims at risk, the International Commission of Jurists (ICJ) and Human Rights Watch (HRW) reminded Nepal of its obligations to punish serious crimes, and human rights activists in Nepal expressed concerns that blank amnesty will be granted if the bills are passed as proposed by the leaders of the big three political parties NC, UML, and UCPN-M. The TRC drafts and public statements made by political leaders and lawmakers indicate that there will be a strong focus on reconciliation rather than actual prosecution- even in cases of gross human rights violations.

But the interim constitution, the CPA, and, most recently, the agreement of the 1st November did not exclusively emphasize the reconciliation process. The prosecution of human rights violations is an integral part in those documents. It is also international public law that obliges Nepal to address serious human rights violations committed during the armed conflict both by the security forces and the insurgents.

Notwithstanding the retreat of the United Nations High Commissioner for Human Rights in Nepal (OHCHR-Nepal) the international community is watching Nepal's peace process closely.

Especially the establishment of transitional justice system is a key momentum to many international observers and-sadly but true-also international donors. Up to now, the only more or less effectively working body concerning transitional justice are the local peace committees (LPC) that may be compared to the post-genocide Gaccaca courts in Rwanda. But the LPC's are not a tool to address grave violations of humanitarian law. Facing particular weaknesses, the LPC's alone are not adequate to put forward a truth finding and reconciliation process on a national level.

Against such a perspective, this paper wants to show the various kinds of the national and international legal obligations Nepal has to address regarding human rights violations, demonstrate how it can cope with its peace process and the judicial prosecution of serious crimes related to conflict-through civil society networks. The paper aims to point out that parts of the Nepalese leadership are unwilling to establish a system of Transitional Justice or to address human rights violations committed during the armed conflict. Notwithstanding that the concept itself is subject to many discussions; not addressing atrocities of the conflict at all can have serious implications inside and outside Nepal.The concept of Transitional Justice and its applications in Nepal:

Legal Framework:

a. International Obligations:

Nepal, being member to several international treaties and public international laws, has obligation to honor them and prosecute human rights violations. As the most prominent documents of international law, the Geneva Conventions address mainly conflicts of international dimension, which does not apply to the people's war in Nepal as an intra-state conflict. But article three, which is common to all four Geneva Conventions, states that in an armed conflict not of an international character certain forms of ill-treatment are prohibited (murder of all kinds, hostage taking, cruel treatment, torture, and certain judicial guarantees). Nepal is member party to all four Geneva Conventions and is bound by public international treaty law to behave according to the Geneva Conventions.

As a member-state to more specific treaties such as the International Covenant on Civil and Political Rights (ICCPR, hereafter also 'the Covenant') and the Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment (CAT), Nepal is obliged to implement also these treaties. Both treaties were ratified on the 14th of May 1991. The Covenant does not explicitly require states to prosecute and punish violations of the rights granted by it. But in Article 2 (3a), the ICCPR states that any violation of rights or freedoms which are recognized by the Covenant must be subject to effective remedy for the affected person. Regarding acts of torture, the Human Rights Committee (HRC), which was established to control the implementation and compliance of the Covenant (see Part IV ICCPR), has repeatedly stated that "Complaints about ill-treatment must be investigated.... Those found guilty must be held responsible". The drafting history also indicates the party States have a duty to prosecute violations of the Covenant. Taking into account the jurisprudence of the HRC as an authoritative interpreter of the Covenant it is argued that the Covenant obliges states to prosecute cases of torture, extralegal killings, rape, disappearances, and other grave crimes. Granting amnesties for such crimes would mean a breach of the Covenant by the party state. The HRC stressed that states must also address violations of the Covenant which were committed by "private persons or entities". contd....

Art.1 (1) CAT defines torture as "an act by which severe pain or suffering, whether physical or mental, is intentionally inflicted on a person". The CAT obliges the signing states to investigate (art. 12) and prosecute (art. 7) acts of torture. The State Parties can therefore not grant amnesties in cases of torture; as long as the alleged crime occurred after the Convention entered into force. As mentioned above, Nepal ratified the CAT in 1991.

The UN Basic Principles and Guidelines on the right to a remedy were adopted by the General Assembly in 2OO5. These state that in case of gross violations of human rights a state has the duty to investigate, prosecute, and, if found guilty, to punish the perpetrator. Although there is no single accepted definition of the term, gross violations of human rights are defined as "... genocide, slavery and slave trade, murder, enforced disappearance, torture or other inhuman, cruel or degrading treatment or punishment, prolonged arbitrary detention, deportation or forcible transfer of population, and systematic racial discrimination…" The Basic Principles may not be binding law, but contribute to the development of international customary law. Codifying the crimes against humanity in Article 7 of the Rome statute is a further step toward the establishment of opinio juris-one of the conditions of customary law.

# Chuck Hagel Exposes the Indian Conspiracies against Pakistan

Remarks made by Mr Chuck Hagel, who is all set to be next US Secretary of Defence during an unreleased speech at Oklahoma's Cameron University in 2011, that "India has over the years financed problems for Pakistan in Afghanistan", speaks of the truth and nothing but the true. In the speech Mr Hagel further says that, "India for some time has always used Afghanistan as a second front and she has over the years financed problems for Pakistan on that side of the border"

The forthcoming withdrawal of US and NATO forces from Afghanistan is throwing its shadows upon the region and Pakistan in particular. This is becomes of the fact that over the last decade so presence of US and NSTO forces in Afghanistan has failed to achieve the desired results; to which portions of Afghanistan writ of Kabul government is practically applicable, how well trained are the Afghan Army and security agencies and reality viability of Taliban are questions that have nightmarish repercussions for US, Afghanistan and India. Pakistan has been raising its concerns throughout that India has been brewing problems for her from Afghanistan. Uneasiness in Baluchistan and constant fomenting of problems on Pakistan's Western Borders are linked to Indian presence in Afghanistan and myopic policies adopted by President Karzai and US.

Takes in Afghanistan are very attractive for India as it fulfills its desire to entangle Pakistan on both its Eastern and Western borders but what are the repercussions of this scenario. Present situation of Afghanistan would make it Vietnam for any ambitious foreign country. It is also reported that India is also pondering over deployment of its Gorkha forces in Afghanistan to pitch the valiant Gorkha's against Taliban fighters who had defeated the Soviet forces and also proved strong resistance against US and NATO forces. Indeed. India's entry into an operational role in Afghanistan both member of SAARC fraternity is a highly debatable issue.

Any long-term solution of Afghanistan issue calls for active participation of Pakistan in future dispensation of the country. Pakistan on its part has played the most vital and critical role in bringing peace in Afghanistan. It has not only sheltered the largest number of Afghan Refugees since the Soviet occupation but its economy has also suffered a loss of worth US$ 100 billion only in the last decade because of US intervention in Afghanistan over the last decade. For any durable solution in Afghanistan it is imperative to take Pakistan on board because of its geographical, social and cultural contingencies with the Afghans rather than bringing in outside elements.

# कानुनले घरेलु हिंसा रोक्न सकेन

*मनता शर्मा नेपाल*

शरीरभरि मट्टीतेल खन्याएर आगो लगाउँदा कति पीडा हुन्छ होला ! यस्तो कल्पना मात्र गर्दा पनि हाम्रो आङ जिरिङ्ग हुन्छ। कपिलवस्तु तौलिहवाकी लक्ष्मी चौहानले यस्तै पीडा भोगेकी छिन्। डेढ वर्षअघि दाइजो नल्याएको निहुँमा परिवारले उनलाई यसरी आगो लगाएका थिए। घटनामा ज्यान बाँचे पनि उनको घाँटी र छातीमा पोलेको घाउको खाटा अझै निको हुन सकेका छैनन्। लक्ष्मीलाई श्रीमान्, सासू र जेठानीले घरैमा आगो लगाइदिएपछि उनी बेहोस भइन्। लक्ष्मी भन्छिन्, 'उनीहरूले मलाई पिटेर बेहोस बनाए। त्यसपछि मेरो शरीरमा मट्टीतेल खन्याएर सलाई कोरेर लगाएछन्।' लक्ष्मीका अनुसार उनकै देउरानीको सहयोगमा उद्धार भयो। र, उपचारका लागि भारतको एक अस्पताल पुऱ्याइयो। त्यसपछि तौलिहवा, भैरहवा र बुटवलमा उनको उपचार भयो। उपचारकै क्रममा महिला हकहितको निम्ति काम गर्ने संस्था साथीले उनको उद्धार गऱ्यो। अहिलेसम्म उनको तीनपटक अप्रेसन भइसकेको छ। झन्डै डेढ वर्षदेखि साथी संस्थाको संरक्षणमा रहेकी लक्ष्मी अझै पनि उपचारकै क्रममा छिन्। 'यो घटनामा मेरो कुनै दोष थिएन। माइतीले दाइजो धेरै दिन सकेनन्,' उनले थपिन्।

लक्ष्मी एउटी गरिब परिवारकी किशोरी हुन्। विवाहको अर्थ नबुझ्दै ११ वर्षको उमेरमा उनको विवाह भएको थियो। लक्ष्मीको समुदायमा सानै उमेरमा विवाह गरिदिने र जवान भएपछि गौना गर्ने (श्रीमान्को घर जाने) चलन छ। यही चलनअनुसार विवाह गरेको चार वर्षपछि उनको गौना भएको थियो र उनी घरमै बस्न थालेकी थिइन्।

काठमाडौंकी एक महर्जन थर भएकी युवती (२९ वर्ष) नाम प्रकाशित नगर्ने सर्तमा आफ्नो पीडा व्यक्त गर्न राजी भइन्। आठ कक्षासम्म पढेकी उनको समस्या हो- श्रीमान्ले उनको गर्भको बच्चालाई शङ्का गर्नु र त्यही निहुँमा पिट्नु। 'उनी बारम्बार मेरो गर्भलाई अरू कसैको हो भनेर कुटपिट गर्थे,' उनले रुँदै भनिन्। ज्यादै असह्य भएपछि उनकी सासूले आफ्नो छोराविरुद्ध उजुरी गरिन्। प्रहरीले युवतीका श्रीमान्लाई पक्रियो र थुन्यो। पछि कागज गराएर छोडियो। कागजमा श्रीमान्ले श्रीमतीलाई मासिक पाँच हजार रुपैयाँ दिने र दिनको एकपटक प्रहरी चौकीमा हाजिर हुनुपर्ने सर्त थियो। यही कारण युवती माइती बस्न थालिन्। त्यही क्रममा विवाह दर्ता गरिदिने र नागरिकता बनाइदिने भनेर फकाउँदै ती युवतीलाई फेरि श्रीमान्ले घर बोलाए। घर गएको दुई दिनपछि नै श्रीमान्ले फेरि उही निहुँमा पिट्न थाले। उनी भन्छिन्, 'लट्ठी र ह्याम्बरले हाने। म घाइते भएँ। त्यसपछि म माइती नेपालमा गएँ र श्रीमान्विरुद्ध निवेदन दिएँ। त्यहाँ पनि उनले अब यस्तो गर्दिनँ भनेर कबोल गरे। मैले ठानेँ श्रीमान् सुध्रिए होलान्। त्यही आशामा म घर गएँ। तर फेरि उस्तै,' बोल्दाबोल्दै उनको गला अवरुद्ध बन्यो। यसपल्ट घर फर्केपछि उनका श्रीमान्ले आफ्नो रणनीति बदले। अब उनले आफ्नो आर्थिक अवस्था कमजोर भएको कारण देखाउँदै गर्भको बच्चा फाल्न दबाब दिन थाले। 'हामी दुवैले मिलेर गर्भपतन गरायौँ,' युवतीले भनिन्। बच्चा गएपछि पनि उनले त्यो दुःखबाट उन्मुक्ति पाइनन्। गर्भपतनलाई नै निहुँ बनाएर श्रीमान्ले फेरि निहुँ खोजे। उनलाई परिवारको सहयोगमा फेरि प्रहरी चौकीमा लगियो। तर, युवती फेरि दबाबमा परिन्। घरमा आएको दुई दिनपछि फेरि पुरानै तालिका दोहोरियो। 'म ट्वाइलेट जाँदासमेत उनी सँगै जान्थे, राति सुत्दा पनि आफ्नो हातमा मेरो हात बाँधेर सुत्थे, यस्तो व्यवहार मलाई असह्य हुँदै गयो र एक दिन म त्यहाँबाट भागेँ,' युवतीले भनिन्।

बारम्बार यातना भोगिरहनुपरेकाले आजित भएकी उनी अब श्रीमान्सँग सम्बन्धविच्छेद गर्न चाहन्छिन्। उनले भनिन्, 'मैले श्रीमान् सुध्रिन्छन् कि भनेर धेरै प्रयास गरेँ, उनको यातना सहिरहेँ। अब अरू सहन सक्दिनँ। म स्वतन्त्र हुन चाहन्छु। उनीसँग सम्बन्धविच्छेद गरेर बरु एक्लै बस्छु।'

माथिका दुई घटना नेपालमा हुने घरेलु हिंसाको प्रतिनिधि दृष्टान्त मात्र हुन्। हरेक दिन हाम्रो समाजमा घरेलु हिंसाका अनेकौँ घटना हुन्छन् र भइरहेका पनि छन्। तर, ती सबै घटना प्रकाशमा आउँदैनन्। घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ अनुसार 'घरेलु हिंसा' भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ।

राष्ट्रिय महिला आयोगको तथ्याङ्कअनुसार नेपालका ४८ प्रतिशत महिला आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको हिंसाबाट पीडित हुन बाध्य छन्। महिलामाथि हुने धेरैजसो हिंसा मानसिक, शारीरिक, आर्थिक र यौनजन्य छन्। आर्थिक वर्ष ०६८/६९ मा राष्ट्रिय महिला आयोगमा महिलामाथि हुने हिंसाविरुद्ध परेका जम्मा एक सय ७१ वटा उजुरीमध्ये ८४ वटा घरेलु हिंसासँग सम्बन्धित छन्। यस्तै, प्रधानमन्त्रीको कार्यालय लैङ्गिक हिंसा इकाइमा परेका दुई सय १४ उजुरीमध्ये ४० वटा घरेलु हिंसाका छन्। प्रहरी प्रधान कार्यालयको तथ्याङ्कअनुसार साउनदेखि यता लैङ्गिक हिंसाका सात सय १८ वटा उजुरी परेका छन्। यी तथ्याङ्कले नेपालमा महिलामाथि हुने हिंसाको कुरूप तस्बिर प्रस्तुत गर्दछन्।

**हिलामाथि हुने हिंसामा परिवारदेखि राज्यसम्मका सबै पक्ष उत्तिकै रूपमा जिम्मेवार देखिए पनि साथी संस्थाकी अध्यक्ष बन्दनाको भनाइ मननयोग्य देखिन्छ। उनी भन्छिन्, ...घरेलु हिंसा परिवारभित्रकै विश्वास गरिएका पात्रबाट हुन्छ। यसमा अधिकांश पीडक पुरुष हुने हुनाले सर्वप्रथम पुरुषहरूले आफ्नो व्यवहार परिवर्तन गर्नुपर्छ।**

हाम्रो समाजमा महिलामाथि हुने हिंसाको स्वरूप ज्यादै क्रूर र अमानवीय देखिन्छ। घरघरमा हुने यस्ता घटनालाई नियन्त्रण गर्न कानुन नै नभएको पनि होइन। कानुनमा पीडकलाई सजाय गर्ने व्यवस्था पनि छ। कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँदेखि २५ हजार रुपैयाँसम्म जरिवाना वा ६ महिना कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था छ। तर, त्यसको कार्यान्वयन अवस्था निकै कमजोर देखिन्छ। अधिवक्ता सविन श्रेष्ठ भन्छन्, 'घरेलु हिंसा रोक्न कानुनसँगै यसको व्यावहारिक पक्ष फितलो र कमजोर छ।' कानुनमा हिंसाविरुद्ध उजुरी गर्ने निकाय तोकिएको छ। तर, उजुरी गरेपछिको वातावरण सहज छैन। अधिवक्ता सविनका अनुसार उजुरीपछि कहाँ जाने, कहाँ बस्ने भन्ने समस्याले पीडितलाई कमजोर बनाएको छ। 'उजुरी दिइसकेपछि पीडित त्यही घरमा बस्न सम्भव हुँदैन। सरकारले गरेको आश्रयस्थलको व्यवस्था पर्याप्त छैन। जसले पीडितको मनोबल घटेको छ,' अधिवक्ता सविनको विश्लेषण छ।

घरेलु हिंसा गैरकानुनी भए पनि घरघरका महिला हिंसा घरैमा सीमित हुने गरेको देखिन्छ। सबै घटना प्रहरी वा अन्य निकायसम्म आइपुग्दैनन्। प्रहरी प्रधान कार्यालयका प्रवक्ता, प्रहरी नायव महानिरीक्षक केशव अधिकारी घरेलु हिंसाको केही घटना मात्र उजुरीका रूपमा आउने गरेको बताउँछन्। आएका घटनाको पनि अनुसन्धान गर्न सहज छैन। प्रहरी प्रवक्ता अधिकारी भन्छन्, 'घरेलु हिंसाका घटनामा प्रमाण र साक्षी जुटाउन धेरै गाह्रो हुन्छ। साक्षी सजिलै आउँदैनन्।' धेरैजसोले अझै पनि घरेलु हिंसा गैरकानुनी हो भनेर स्वीकार गर्न सकेका छैनन्। अर्कोतिर घरेलु हिंसामा पनि राजनीतिक, आर्थिक दबाब हुने गर्छ। प्रहरी नायव महानिरीक्षक केशव अधिकारी अगाडि थप्छन्, 'पीडितलाई पीडकले पैसा दिएर थामथुम पार्ने प्रयास पनि गरिन्छ। पीडकलाई राजनीतिक संरक्षण प्राप्त छ भने पनि अनुसन्धान गर्न अप्ठ्यारो हुन्छ।'

दुई दशकदेखि लैङ्गिक हिंसाका क्षेत्रमा कार्यरत साथी संस्थाकी अध्यक्ष बन्दना राणा भन्छिन्, 'महिलामा पनि पहिलेको तुलनामा केही चेतना जागेको छ। हिंसाविरुद्ध समाजमा सार्वजनिक बहस चलेको छ।' यति हुँदाहुँदै पनि घरेलु हिंसालाई रोक्न सकिएको छैन। बन्दना अगाडि भन्छिन्, 'तर, अझै पनि धेरै महिलामा हिंसा सहनुपर्छ भन्ने भावना छ।' आर्थिक रूपले सबल नभएका कारण महिला हिंसा सहन बाध्य छन्। यस्तै शिक्षा र रोजगारी पनि छैन। उनी भन्छिन्, 'आत्मनिर्भरताको निम्ति विकल्प नभएकाले उनीहरू बोल्न सक्दैनन्।' पितृसत्तात्मक सोच महिला-पुरुष दुवैमा हावी छ। सरकारले कानुन र कार्यनीति बनाए पनि कार्यान्वयन पक्ष कमजोर छ। हिंसापीडितका लागि आश्रयस्थल बनाइएको छ। जसमा एक महिनासम्म आश्रय दिने व्यवस्था पनि छ। 'तर यो व्यवस्था व्यावहारिक रूपले पर्याप्त छैन,' बन्दना भन्छिन्।

समस्या समाधानका विषयमा प्रहरी नायव महानिरीक्षक अधिकारीको भनाइ अलि फरक छ। उनी भन्छन्, 'प्रहरी एक्लैको प्रयासले घरेलु हिंसा रोक्न सम्भव छैन। यसमा आर्थिक, पारिवारिक, सामाजिक दबाबले प्रभाव पारेको छ। त्यसैले जनचेतनामूलक कार्यक्रम आवश्यक छ। विभिन्न सङ्घसंस्थाको सहयोगको पनि खाँचो छ।'

महिलामाथि हुने हिंसामा परिवारदेखि राज्यसम्मका सबै पक्ष उत्तिकै रूपमा जिम्मेवार देखिए पनि साथी संस्थाकी अध्यक्ष बन्दनाको भनाइ मननयोग्य देखिन्छ। उनी भन्छिन्, 'घरेलु हिंसा परिवारभित्रकै विश्वास गरिएका पात्रबाट हुन्छ। यसमा अधिकांश पीडक पुरुष हुने हुनाले सर्वप्रथम पुरुषहरूले आफ्नो व्यवहार परिवर्तन गर्नुपर्छ। पितृसत्तात्मक मानसिकतालाई त्याग्नुपर्छ।'

*संचारिका फिचर सेवा*

## रेग्मीकै...

अपमान गरेका छन् । त्यस्ता विद्वान कानुन व्यवसायीहरूले जनतालाई भनिदिनुपऱ्यो विश्वको कुन देशको संधिवान बाधा अड्काउ फुकाएर संशोधन गरिएको छ । विशवका कुन देशमा राष्ट्रपतिलाई संविधान संशोधन गर्ने अधिकार छ (केही कम्युनिष्ट देशबाहेक) ?

नेपालको अन्तरिम संविधान २०६९ को धारा १५८ प्रवधान अनुसार पनि प्रधानन्यायाधीशलाई सरकार प्रमुख बनाउन सकिँदैन । यदि त्यसो हुन्थ्यो भने सर्वोच्च अदालतमा पूर्व प्रधानन्यायाधीश र अन्य न्यायाधीशहरूलाई मानवअधिकार आयोगको अध्यक्ष बाहेक अन्य सरकारी पदमा मात्र होइन कुनै पनि अड्डा अदालतमा गएर बहस पैरवी गर्न बन्देज लगाउनु पर्ने व्यवस्था गरिने थिएन । सर्वोच्च अदालतका प्रधानन्यायाधीश र अन्य न्यायाधीशहरूले अवकाश पछि कुनै सरकारी सेवा लगायत अन्य सेवाको आशा नगरून उनीहरूले स्वतन्त्र भएर न्याय दिन सकनु भनेर त्यस्तो व्यवस्था गरिएको हो । अहिले आएर प्रधानन्यायाधीश रेग्मीलाई काजमा खटाएर सरकार प्रमुख बनाउनु र पछि काग फिर्ता गरी फिरि प्रधानन्यायाधीशको कुर्सीमा वहाल गराउनुले कानुनी सर्वोच्चताको अन्त्य हुन्छ । रेग्मी सरकार प्रमुख भएपछि उनको सरकालले गरेका राम्रा नराम्रा सबै कार्यहरूको जिम्मेवारी रेग्मीले लिनुपर्दछ । सरकारका कार्यहरूको बारेमा सर्वोच्च अदालतमा रिट निवेदन पर्न सक्ने सम्भावनन हुन्छ, त्यसबेला पनि सर्वोच्च अदालतमा प्रधानन्यायाधीशको नेमप्लेट खिलराज रेग्मीकै नाम हुने हुनलो आफ्नै हाकिमका विरूद्धमा अन्य न्यायाधीशहरूले कसरी निर्णय गर्न सक्छन् ? सुनको थालमा विष राखेर आन दिएको खण्डमा त्यो विषय काम गर्दैन भन्नु मूर्खता बाहेक अन्य केही हुन सक्दैन । अहिले रेग्मीलाई सरकार प्रमुख बनाउन खोज्नु पनि एक किसिमले सुनको थालमा विष राखेर अमृत हो भनर खाऔं भन्नु सरह मात्र हो ।

यी सबै तथ्यहरूले गर्दा प्रमाणित हुन्छ, एमाओवाद्यीले नेपाली कांग्रेस, एमाले र चराम अवसरवादी मधेशी मोर्चाको सहयोगमै राज्य सत्ता कब्जा गरी मुलुकलाई आफ्नो नियन्त्रणमा राख्ने प्रयासले मात्र रेग्मीलाई सरकार प्रमुख बनाउने कट्नैतिक रणनीति लिएको प्रष्ट हुन्छ । यदी साच्चिकै एमाओवादीले निर्वाचन चाहेको भए उसले ठूलो पार्टी भएके नाताले ठूलो छाती देखाउन सक्नु पर्दथ्यो । नेपाली समाजमा दाजुभाइ बीच अंश गर्ने चलन रहेको छ । अंश गर्दा पनि पहिला कान्छो भाईलाई रोजाइन्छ, त्यसपछि क्रमश रोज्दै जान्छन् र अन्त्यमा जेठोले रोज्ने परम्परा रहेको छ । एमाओवादीले किन त्यसो गर्न सकेन वा चाहेन । त्यो प्रष्ठ छ, उ मुलुकलाई असफल राष्ट्र बनाएरै भएपनि मुलुक आफ्नो नियन्त्रणमा राख्न खोज्छन् तयसैका लागि उसले भारतको सामु आत्मसमर्पण गरेर भारत नीति अनुरूप नै सञ्चालित हुँदै आएको छ । अहिले राष्ट्रियता र राष्ट्रिय स्वाधिनताको मुद्दा समाप्त भएको छ । किन ? त्यसैले बुझ्न जरूरी रहेको छ ।

devendrachudal@gmail.com

# जीवन दिने कुनै महिलाले मृत्युवरण गर्नु नपरोस्

**ब्लेयन बाइसेट**

आदिस अबाबा । अफ्रिकी उपसहारा क्षेत्रमा हरेक दिन ४५२ जना महिलाको प्रसूतिसँग सम्बन्धित समस्याबाट मृत्यु हुने गरेको छ, अर्थात् प्रत्येक घण्टा १८ महिलाको मृत्यु हुन्छ । यही पृष्ठभूमिमा इथिओपिआको राजधानी सहर आदिस अबाबामा आयोजित अफ्रिकी युनियनको शिखर बैठकमा भेला भएका राज्य वा सरकार प्रमुखहरूले अफ्रिकी महादेशमा मातृमृत्यु दरलाई घटाउने प्रतिबद्धतालाई पुनः दोहोऱ्याएका छन् ।

मे २००९ मा अफ्रिकी युनियन र संयुक्तराष्ट्र जनसंख्या कोष ( युएनएफपीए) ले कार्मा ( सीएआरएमएमए) अर्थात् अफ्रिकामा मातृमृत्युको तीव्रतापूर्वक न्यूनीकरण अभियान नामको कार्यक्रम आरम्भ गरेका थिए । यो कार्यक्रमको लक्ष्य नै प्रजनन स्वास्थ्य सेवाको उपलब्धतालाई विस्तार गर्ने र सहस्राब्दी विकास लक्ष्य (एमडीजी) ५ः मातृमृत्यु दरलाई तीन–चौथाइले न्यून गर्ने तथा सन् २०१५ सम्ममा प्रजनन स्वास्थ्य सेवाको विश्वव्यापी पहुँचलाई सुनिश्चित गर्ने लक्ष्यको नजिक पुग्ने रहेको थियो ।

कार्माको बैठक हुनुअघि संयुक्त राष्ट्रसङ्घका महासचिव बान की मुनले एमडीजीका लक्ष्यहरूप्रति प्रतिबद्धता जनाउन अफ्रिकी मुलुकका राज्य प्रमुखहरूलाई आग्रह गर्नुभएको थियो । तर, प्रतिज्ञा र दृढता व्यक्त गरिए पनि यो महादेशले २०१५ को लक्ष्यलाई हासिल गर्न अझै पनि निकै लामो बाटो तय गर्नुपर्ने देखिन्छ । जहाँसम्म अफ्रिकी उपसहारा क्षेत्रको सवाल छ त्यहाँ औसत न्यूनीकरण दर केवल ४१ प्रतिशत छ ।

युएनएफपीएका कार्यकारी निर्देशक डा. बाबाटुन्डे ओसोटीमेहिनको विश्वासमा अफ्रिकी उपसहारा क्षेत्रले पछिल्ला वर्षहरूमा निकै महत्वपूर्ण प्रगति गरेको भए पनि अफ्रिकी मुलुकका राज्य प्रमुखहरूको यो उच्च तहको बैठक निकै जरूरी छ । "अफ्रिकाले के गर्नु पर्दछ र कसरी गर्नु पर्दछ भनेर जानेको छ," उनले आईपीएसलाई बताए, "तर त्यहाँ अझै पनि निकै चुनौती छन् ।"

सामाजिक मामिलासम्बन्धी अफ्रिकी युनियनका आयुक्त डा. मुस्तफा कालोको भने २०१५ सम्ममा स्थापित लक्ष्य हासिल गर्न अफ्रिकी मुलुकहरु सफल हुनेमा त्यति विश्वस्त छैनन्, तर उनको विश्वासमा कार्माले न्यूनीकरणलाई तीव्रता प्रदान गर्ने क्षमता रहेको छ । "यो अभियानको विशिष्ट प्रकृति नै यसले नयाँ कुनै कुरा खोज्दैन," कालोकोले आईपीएसलाई बताए, "हामीले नयाँ नयाँ योजना बनाइरहेका छैनौं, तर हामीसँग विगतदेखि नै रहेका कतिपय साधनलाई सुधार गरिरहेका छौं ।"

उनले अफ्रिकामा भइरहेको ज्यादातर मातृमृत्युलाई विगतदेखि नै विद्यमान अभ्यास र पहलकदमीको प्रयोग गरेर नै रोकथाम गर्न सकिने पनि थपे । विश्व चर्चित चिकित्साविज्ञान पत्रिका "द ल्यान्सेट" को हालैको अध्ययन अनुसार विकसित धनी मुलुकको भन्दा अफ्रिकी उपसहारा क्षेत्रका महिलाको गर्भवती र बच्चा जन्माउँदाका जटिलताका कारण मृत्यु हुने सम्भावना झण्डै १०० गुणा बढी छ । त्यही अध्ययनले उच्च संख्यामा मातृमृत्यु हुने दशमध्ये आठवटा मुलुक अफ्रिकामै रहेको जनाएको छ । नाइजेरिया र प्रजातान्त्रिक गणतन्त्र कंगो यो सूचीको अग्रस्थानमा रहेका छन् ।

ओसोटीमेहिनका अनुसार अर्को मुख्य चुनौती यो महादेशमा मातृमृत्युको दरलाई न्यून गर्नेतर्फ यहाँका देशहरूबाट व्यक्त हुनुपर्ने राजनीतिक प्रतिबद्धताको स्तर पनि हो । उनले जोड दिएर भने, "यो शिखर बैठक पैसाका निम्ति मात्र होइन, प्रतिबद्धताका लागि हो । हामीहरु यहाँ यस कारण भेला भएका छौं कि कुनै पनि महिलाले बच्चा जन्माउँदा अकालमा ज्यान गुमाउनु नपरोस् ।"

ठूलो संख्याको मातृमृत्यु अर्थात् झण्डै ५७ प्रतिशत अफ्रिकी महादेशमै देखिएको छ, र यो विश्वमै सबैभन्दा उच्च मातृमृत्यु अनुपात हो । विकास विज्ञ र स्थानीय चिकित्साकर्मीहरूका निम्ति महिलाको मृत्युदर गम्भीर सरोकारको विषय हो, किनभने हरेक गर्भ–सम्बन्धित मृत्यु हुँदा करिब २० जना महिलाले बच्चा जन्मनुअघि, बच्चा जन्मनेक्रममा र जन्मेपछि स्वास्थ्यसम्बन्धी जटिलता अनुभव गर्ने, आमा र बच्चा आजीवन अशक्त वा औषधि सेवन गर्नुपर्ने अवस्थामा पुग्छन् । बच्चा जन्मेपछि गम्भीर किसिमको रक्तस्राब, सङ्क्रमण, गर्भवतीको समयमा उच्च रक्तचाप र असुरक्षित गर्भपतन नै गर्भ–सम्बन्धित जटिलता र मृत्युका निम्ति सर्वाधिक बढी देखिने कारणहरु हुन्, युएनएफपीएले बताएको छ ।

**ठूलो संख्याको मातृमृत्यु अर्थात् झण्डै ५७ प्रतिशत अफ्रिकी महादेशमै देखिएको छ, र यो विश्वमै सबैभन्दा उच्च मातृमृत्यु अनुपात हो । विकास विज्ञ र स्थानीय चिकित्साकर्मीहरूका निम्ति महिलाको मृत्युदर गम्भीर सरोकारको विषय हो, किनभने हरेक गर्भ-सम्बन्धित मृत्यु हुँदा करिब २० जना महिलाले बच्चा जन्मनुअघि, बच्चा जन्मनेक्रममा र जन्मेपछि स्वास्थ्यसम्बन्धी जटिलता अनुभव गर्ने, आमा र बच्चा आजीवन अशक्त वा औषधि सेवन गर्नुपर्ने अवस्थामा पुग्छन् ।**

बेनिनका स्वास्थ्यमन्त्री डोरोदी किन्डे गजार्डका अनुसार यी तथ्याङ्कहरु वास्तवमै डरलाग्दा छन् । "समाजको सबै तह, खासगरी सामुदायिक तहलाई सहभागी गराइनु आवश्यक छ र कुनै पनि महिलाको अनाहकमा मृत्यु वा अपाङ्ग नहोस् भन्ने सुनिश्चित गर्नु पर्दछ ।"

बेनिनले गर्भ–सम्बन्धित मृत्युलाई न्यूनीकरण गर्ने कदमस्वरूप क्लिनिक र अस्पतालबाट तथ्याङ्क संकलन सेवामा सुधार गर्न थालेको छ । गजार्डले आईपीएसलाई भनिन्, "हरेक मृत्यु अहिले रेकर्ड गरिन्छ ताकि महिलाको मृत्यु के कारणले भयो र त्यसलाई कसरी रोक्न सकिन्थ्यो भनेर हामीले थाहा पाउन सक्छौं ।"

परिवार नियोजन सेवाको बढ्दो प्रयोग मलावी, तान्जानीया र जाम्बियाजस्ता धेरै मुलुकमा निकै सफल भएको छ । समाधानको अर्को पाटो भनेको बाल विवाह रोकथाम गरी मातृमृत्यु दरलाई न्यून गर्न सकिन्छ, ओसोटीमेहिनले बताए । "हरेक बाल विवाहले बालबालिका नै बालबच्चा जन्माउने परिस्थिति खडा गरिदिन्छ, र उनीहरु वास्तवमा शारीरिक र मनोवैज्ञानिकरूपमा त्यसका निम्ति तयार नै भइसकेका हुँदैनन् ।" नाइजरमा तीन–चौथाइभन्दा बढी महिलाको विवाह १३ देखि १९ वर्षको बीचमा हुने गर्दछ । दशदेखि १४ वर्षबीचका गर्भवती केटीहरूको मृत्यु हुने सम्भावना बीस वर्षको हाराहारीका महिलाको तुलनामा पाँच गुणा बढी हुन्छ, युनिसेफको प्रतिवेदनले भनेको छ । गर्भवती भएका १५ देखि १९ वर्षका केटीहरूको मृत्यु हुने सम्भावना उनीहरु २० वर्षको हाराहारीमा रहँदाको भन्दा दोब्बर हुन्छ ।

यद्यपि कार्माले महिलाको स्वास्थ्यमा केन्द्रित गरे पनि यो अभियानमा पुरूषको भूमिका निकै महत्वपूर्ण रहने ठहर गरेको छ । ओसोटीमेहिन भन्छन्, हरेकले के बुझ्नु जरूरी छ भने उच्च दरको मातृमृत्यु कसैका निम्ति पनि स्वीकार्य छैन । "त्यसैले हामीले पुरूषहरूसँग पनि कुरा गर्नुपर्दछ किनभने उनीहरूले नै यो सबै समस्या सिर्जना गरिरहेका छन्," उनले जोड दिए ।

मन्त्री गजार्ड पनि पुरूषको सहभागिता महत्वपूर्ण हुने कुरा स्वीकार्छिन् । "उनीहरु नभई त हामीले मातृमृत्यु दरलाई न्यून गर्ने कार्यमा सफलता प्राप्त गर्न सक्दैनौं," उनले बताइन् । यी प्रयत्नमा पुरूषहरूलाई पनि सहभागिता गराउने प्रयासस्वरूप बेनिनले हालै मात्र एउटा परियोजना आरम्भ गरेको छ जहाँ गर्भवती जाँच गर्दा पुरूषहरु पत्नीसँगै आउने वातावरण तयार पारिएको छ ।

जहाँसम्म, इक्वेटोरियल गिनी विश्वका १० राष्ट्रमध्ये एउटा मात्र अफ्रिकी राष्ट्र हो जसले एमडीजी ५ का सम्पूर्ण लक्ष्य हासिल गरेको छ । युएन उमनका कार्यकारी निर्देशक मिसेल बाचेलेटजस्ता अग्रणी विज्ञहरु केही अफ्रिकी मुलुकहरूले सन् २०१५ सम्ममा मातृमृत्युलाई ७५ प्रतिशतले घटाउन सक्षम हुनेमा विश्वस्त छन् । "हामीले प्रयत्नहरूलाई अरू बढाउनेतर्फ ध्यानकेन्द्रित गर्नुपर्दछ तर सन् २०१५ पछि के गर्ने हो भन्ने बारेमा सोचविचार गर्न अब थाल्नु जरूरी छ," बाचेलेटले आईपीएसलाई बताए ।

*(आई.पी.एस्./एन्.पी.आई.)*

# लोकतन्त्रको बीउ नै कमसल

लोकतन्त्रमा व्यापक अनिकाल परेपछि थाहा भयो- दिल्लीमा गरिएको १२ बुँदे सहमति, जनयुद्धको जनआन्दोलनकरण र त्यसपछि आएको परिवर्तनहरू एकपछि अर्को गर्दै समाप्त भएपछि र परिवर्तनका महारथीहरूले राजनीति चलाउनै नसकेपछि लोकतन्त्रको बीउ नै कमसल परेछ । कमसल बीउ परेपछि नटुसाउनु, नहल्कनु र बाली नहुनु स्वभाविक हो । त्यही परिणति देखियो लोकतन्त्रको ।

कृषि अनुसन्धान केन्द्रले मकैको बीउ विकास गऱ्यो, मकवानतिर घोगा नै लागेन । धानको बीउ विकास गऱ्यो, झापादेखि कन्चनपुरसम्म परालमात्र पनि भएन । कृषकहरू क्षतिपूर्ति मागिरहेका छन् र कृषि अनुसन्धान केन्द्र कृषकहरूलाई नै दोष दिएर पन्छिरहेको छ ।

हाम्रो कृषि अनुसन्धान केन्द्र र गणतान्त्रिक लोकतन्त्रशाला उस्तै उस्तै छ । दुवैतिर भ्रष्टाचारमात्र हुन्छ र जनताको आँखामा छारो हालेर विकासको ढ्वाङ फुकिन्छ । लोकतन्त्रले पनि समानताको, समानुपातिकताको, संघीयताको, नयाँ नेपाल र नयाँ संविधानको झ्याली कति पिट्यो कति ? दुईवर्षको आयु लिएर आएको संविधानसभालाई चार वर्ष टिकाइयो, संविधानसभा हाम्रो एजेन्डा भन्नेले संविधानसभाको बध गरे । नयाँ संविधानसभाको चुनाव गर्छु भनेर यिनै ब्याधाहरूले १० महिना शासन गरिसके । कतैबाट पनि चलाउन नसकिने भएपछि न्यायाधीशलाई गुहार्न पुगे । यो लोकतन्त्रको बीउ कमसल परेको नभए के हो ? बीउ असल भएको भए लोकतन्त्र फल्थ्यो, फुल्थ्यो ।

हुलुमुलमा जीउ जोगाउनु, अनिकालमा बीउ जोगाउनु भन्ने हाम्रो सामाजिक मान्यता छ । यस्तो नफल्ने, नफक्रिने लोकतन्त्रको भर गर्नु भन्दा परम्परागत बीउ खोज्ने र जोगाउनेतिर लाग्नु उत्तम हुनेछ । बीउ मासेपछि यस्तै अनिकाल पर्नेरहेछ । बीउको महत्व बुझेर अब आफ्नो अस्तित्व र राष्ट्रियता बचाउनेतिर लाग्ने हो कि ?

***– सरला पौडेल (प्रशिक्षार्थी)***



# गुरु रविशंकरका अनुसार गडबढ छ है

पुष्कलराज पन्त

दशैंको बिदामा हामी तीनधाम घुम्ने उद्देश्यले रामेश्वरमको दर्शन गर्दै भारतको एकछेउको टुप्पोमा रहेको कन्याकुमारीकोदर्शन गर्न पुग्यौं । दशैं र तिहारको समयमलाई चुस्त रुपमा सदुपयोग गर्दै भारतको धेरै ठाउँको घुमाइ र ईश्वरको दर्शनको अभिलाषा हाम्रो लक्ष्य थियो । तसर्थ कुनै एक ठाउँमा दुईरात सकभर नबस्ने योजनाको फलस्वरुप हामी कन्याकुमारीबाट 'गोवा' जाने तयारी गरेका थियौं ।

कन्याकुमारीबाट गोवा जाने रेल दुईदिनपछि जाने जानकारी पाएपपछि हामी त्यहाँका मानिसहरूसँग परामर्श लियौं र अन्मा त्रिवेन्द्रम जाने लोकल बसमा चढ्यौं । बसमा कन्डक्टरले हिन्दी नजान्ने, अंग्रेजी नजान्ने भएपछि हामी केहीबेर समस्यामा पर्‍यौं । हामी कहाँ पुग्ने हो थाहा भएन । ध्न्य एकजना यात्रुलेहिन्दी जान्ने र त्यो रुटको बारेमा राम्रो जानकारीराख्ने रहेछन् । हामी बेलुकी करी ६ बजेतिर त्रिवेन्द्रम पुग्यौं । गोवाको बस नभई बैंगलोरको लागि बस पाइयो । म पनि ब्रेंगलोर नगएकोले जाउँ न त भनिहालियो र रात्रि गाडीमा बैंगलोरको लागि बसयात्रा थालियो ।

बंकलोरमा हामी श्री रविशंकरको आश्रममा पुग्यौं । दशैंको अष्टमीको दिन रहेछ, भव्य पूजा अर्चना चलिरहेको थियो । भवानी दुर्गाको भव्य पूजा, होम सहित हजारौं मानिसहरूको बीचमा श्री रविशंकर बिराजमान , त्यहाँको वातावरणमा जादू थियो । भक्ति संगीत र पूजाका लागि संकृतका मन्त्रबाट म केहीबेर ध्यानास्थ भएँ । आनन्दको अनुभूति भयो । हामी सबै भित्री मानसिक शान्तिबाट लाभान्वित भयौं ।

यतिखेर म रविशंकरजीको त्यो मानसिक शान्ति यसकारण सम्झिरहेको छु कि अध्यात्म गुरु नेपाल आएर काठमाडौं, पोखरा, विराटनगरदेखि धरानसम्म प्रवचन गरेर फर्किएका छन् र मैले पनि उनको प्रवचन सुन्नपाएँ ।

'काका...' यहाँ पास आएको छ नि । भतिजीले भनिन् । कसको नानी ? मैले सोध्न नपाउँदै भान्जीज्वाइँले केही पास ल्याइदिनु भएको थाहा भये । रविशंकर नेपाल आउनु भएको रहेछ । प्रहरी तालिम केन्द्र महाराजगञ्जमा उहाँको सत्संग रहेछ । ...सबै सत्संगको प्यासा हुनु स्वभाविक हो । शान्तिको कामना नेपालीको प्यास हो । यो कुरा त्यहाँका अपार भीड र पुलिस तथाट्राफिकहरूको सकी नसकी गरेका व्यवस्थापनबाट सहजै थाहा पाउन सकिन्थ्यो ।

'कस्तो छ ? ...' अलि अप्रष्ट बोल्दै श्री रविशंकर भन्नुभयो । ( तालीको गडगडाहट) उनी भन्दै थिए- सबैले राजनीति खराव छ, खरावले मात्र राजनीति गर्छन् । राजनीति खराव भएको खराव मानिसको कारण होइन, असल मानिसले त्यसमा चासो नदेखाएर हो । नेपालमा संक्रमण काल भएता पनि यसलाई निराकरण गरी आर्थिक अवस्था सुधार गरी अगाडि बढ्नुपर्ने सन्देश उनले दिए । रविशंकरले नेपालीका तीन विशेषातामा बुद्ध जन्मेको देश, सबैभन्दा अग्लो हिमाल र सबैभन्दा पुरानो हिन्दू सनातन धर्म हो भनेर स्पष्ट पारिदिए । यसलाई सम्पूर्ण नेपालीहरूले आफ्नो विशेषता बनाउँदै विकासको लहर ल्याउन सकिने रविशंकरका विचार थिए । त्यस्तै नेपाली भनेपछि शिरमा पहिरिने टोपी र हँसिलो अनुहार अनि सोझा छलकपट नजान्ने विशेषताले गर्दा संसारका सबै ठाउँमा नेपाली अटाउन सकेको बृतान्त पनि भनिदिए । रविशंकर भन्दै थिए- अपार जलस्रोत, संस्कृति, वन्यसम्पदा इत्यादि भएता पनि विकास नहुनुको कारण के हो ? पक्कै पनि यहाँ केही गडबडी छ । यो गडबडी ठीक पार्न सक्नुपर्छ ।

वाह... गुरु रविशंकर । नेपालको भलो चिताउने गुरु । तर उनलाई कति थाहा छ छैन गडबडीको मुख्या योजनाकार को हो ? हिन्दू सनातन धर्मलाई क्रिश्चियन गराउन लागिपर्ने पश्चिमाहरूलाई भारतका सत्तावादीहरूकोसमर्थन रहनु ठूलो गडबडीको कारण हो । दोस्रो देशमा पहिल्यैदेखि सिंचाइ, पेट्रोल अन्वेषण, जलविद्युतको विकासमा अवरोध भारतले गर्दै अएको छ । ठूलोयोजना नेपालमा ल्याउँदा विश्व वैंक, राष्ट्रसंघमा भारतको अवरोध हुनु, नेपालको चौतर्फी मामिलामा हस्तक्षेप गर्नु भारतको गडबडी हो । तेस्रो राजा वीरेन्द्रको पालामा नेपालमा शान्ति क्षेत्र घोषणा गर्दा संसारकै ११६ राष्ट्रले समर्थन दिए तर भारतले विरोध गरिदियो । आतंककारीलाई अँगालो मारेर नेपालको राजतन्त्र, हिन्दूराष्ट्र र राष्ट्रिय एकतामा भाँजो हालिदियो । यो गडबडी भारतबाटै भएको हो । जनयुद्ध र जनआन्दोलन समाप्त भयो तर राजनीतिक विश्वासमा अमिलो घोलेर अविश्वासको तिक्तताको गडबडीको कारक पनि भारत नै हो । श्री गुरुजी रविशंकरलाई यथार्थबोध छ तर उनले भारतलाई यो अध्यात्मवोध बुझाउने काम गरेनन् ।

हो, यहाँका नेताभित्रको सत्तालिप्सा, स्वार्थका कारण गडबडीका हतियार बन्नपुगे, यो हतियार चलाउने को हो ? हे धर्म गुरु, रविशंकरजी तपाईले भारतलाई बताइदिनु भयो भने नेपालको मुहार फेरिने निश्चित छ । महिले भारत, रअ, क्रिश्चियानिटी र मेड इन भारतको निष्कर्ष नेपालको लोकतन्त्र र विकास जिरो हुनु पुगेको छ । यो यथार्थ भारतलाई बुझाइदिने काम गरे सबैभन्दा ठूलो दर्शन नेपालीले पाउने थिए । नेपालमा आएर राजनीतिक अध्यात्म प्रवचनद्वारा प्रचार गर्नुभन्दा पनि अध्यात्ममा अन्तर्निहित स्वच्छता, पवित्रताबारे रविशंकर किन पर पर भएका होलान् ?

## सार्क चिकित्सक सम्मेलनदेखि शुरु

काठमाडौं । नेपाल चिकित्सक सङ्घको २६ औं सम्मेलन काठमाडौंमा सुरु भएको छ । सम्मेलनमा दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) सहित नेपालका करिब एक हजार १०० चिकित्सकको सहभागिता रहेको छ । सङ्घका अध्यक्ष प्राडा किरण श्रेष्ठले दिनुभएको जानकारीअनुसार तीनदिने सो सम्मेलनमा सर्ने तथा नसर्ने रोग एवम् चिकित्सा क्षेत्रमा भइरहेका उपलब्धिका बारेमा ९० वटा कार्यपत्र प्रस्तुत हुनेछन् । अस्पताललाई भूकम्पीय सुरक्षाबाट जोगाउने र तयारी अवस्थामा कसरी राख्ने भन्ने मुख्य विषयका केन्द्रित रही सम्मेलनमा छलफल हुने बताइएको छ । – ***प्रतिक्षा नेपाल (प्रशिक्षार्थी)***

## एम्बुलेन्समा गाँजा तस्करी

चितवन । चितवनको एक एम्बुलेन्सबाट बिरामी पुर्‍याउने बहानामा गाँजा तस्करी भएको खुलेको छ । भरतपुरमा यही फागुन १२ गतेबाट मात्रै सञ्चालनमा आएको ना२च ६७८० नम्बरको एम्बुलेन्स गाँजा तस्करीमा संलग्न भएको पाइएको हो । चालकले चलाखी गरेर पैसाको प्रलोभनमा तस्करी गरेको बताइएको छ । सिमरा बारामा १८० केजी गाँजासहित एम्बुलेन्स चालक चिन्तामणि सापकोटा र गाँजा धनी कृष्ण गोलेलाई प्रहरीले पक्राउ गरेपछि यस्तो रहस्य खुलेको हो । उक्त एम्बुलेन्स क्षत्री समाज नेपाल चितवन भरतपुर- ६ बैदिकनगरद्वारा यही १२ गते सञ्चालनमा ल्याइएको समाजले जनाएको छ । – ***सरिता बस्नेत (प्रशिक्षार्थी)***

## चीनसँगको हवाई सेवा सम्झौता पुनरवलोकन हुने

काठमाडौं । सरकारले चीनसँगको हवाई सेवा सम्झौता पुनरावलोकन गर्ने भएको छ । चीन सरकारबाट आग्रह भएअनुसार हालैको मन्त्रिपरिषद्को बैठकले विद्यमान सम्झौता पुनरवलोकन गर्ने निर्णय गरेको हो । नेपाल-चीन हवाई सेवा सम्झौता पुनरवलोकन वार्ता चाँडै नै हुने जानकारी दिँदै पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव सुरेश आचार्यले चिनियाँ पक्षले केही समयपछि वार्ताका लागि यहाँ आउने जानकारी दिएको बताउनुभयो ।

चीनसँगको हालको हवाई सेवा सम्झौताअनुसार चीनबाट सातामा १६ उडान हुँदै आएका छन् । चिनियाँ विमान कम्पनीहरू एयर चाइनाले सात, चाइना इस्टर्न एयरलाइन्सले चार र चाइना साउदर्नले यहाँ हप्तामा तीन उडान गर्दै आएका छन् । नेपाल आउन चाहने चिनियाँ पर्यटकको सङ्ख्या वृद्धि भएसँगै चीनले थप उडानका निम्ति मौजूदा हवाई सेवा सम्झौता पुनरवलोकनका लागि सरकारसँग आग्रह गरेको हो । अघिल्लो वर्षको जनवरीमा छ हजार छसय ३१ चिनियाँ पर्यटक हवाई मार्ग हुँदै नेपाल आएका थिए भने यो वर्षको सोही महिनामा तीन हजार नौसय ५८ पर्यटक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मुलुक भित्रिएका थिए । पर्याप्त हवाई सेवा नहुँदा चिनियाँ पर्यटक आगमनमा कमी आएको पर्यटन व्यवसायीहरूको कथन छ । चीनले प्रतिसाता कम्तीमा १० उडान थप गर्न सरकारसँग प्रस्ताव गरेको छ । नेपाल आउने पर्याप्त उडान नहुँदा चिनियाँ पर्यटक वैकल्पिक गन्तव्यतिर लाग्न बाध्य भएका छन् । द्रुत आर्थिक विकास गरेको चीनले नेपाललाई बाह्य पर्यटक गन्तव्य मुलुकको रूपमा स्वीकृति प्रदान गर्नुका साथै नेपाललाई नवौं बाह्य गन्तव्य देशको सूचीमा राखेको छ । पाँच दशकदेखि विश्वका विभिन्न मुलुकसँग द्विपक्षीय हवाई सेवा सम्झौता गर्दै आएको नेपालले हालसम्म ३६ देशसँग त्यस्तो सम्झौता गरिसकेको छ । – ***प्रतिभा श्रेष्ठ (प्रशिक्षार्थी)***

## चैत ८ गतेदेखि छापामार

बहिर्गमित गरिएको ४ हजार ८ जना अयोग्य लडाकुहरू यतिखेर बालिगमात्र होइनन्, बलवानसमेत भइसकेका छन् । उनीहरूले अस्ती आइतवार पत्रकार सम्मेलन गरेर घोषणा गरे- चैत ७ गते सर्वोच्च अदालतले आफ्ना पक्षमा निर्णय गरेन भने ८ गतेदेखि हतियार उठाएर छापामार युद्धमा होमिने छौं । हामी प्रशिक्षित पनि छौं, छापामार युद्धका लागि तैयारी पनि गरिसकेका छौं । स्मरणीय छ, एमाओवादी नेतृत्वको बाबुराम सरकारले बहिर्गमित भएका प्रत्येक पूर्वलडाकुलाई २ लाख दिने निर्णय गरेर बजेट छुट्याएको थियो । तर, राज्यकोषबाट यसरी मनलाग्दी किसिमले पैसा बाँड्न मिल्दैन भनेर मुद्धा परेपछि सर्वोच्चले रोक लगाएको थियो र मुद्धाको फैसलाको मिति सर्दै सर्दै चैत ७ गते तोकिएको छ । यही दिनलाई आधार बनाएर बहिर्गमित लडाकुहरूले पत्रकार सम्मेलन गरेर सरकारको निर्णय र निकासा भएको रकम नदिइए छापामार युद्ध थाल्ने बताएका हुन् । – ***निशा मानन्धर (प्रशिक्षार्थी)***



### ससुरा ट्रष्टलाई...

२२ गते मंगलबार प्रचण्डले पार्टीकै समपत्तिबाट ६० लाख निकासा गर्न निर्णय गरेको खबर सार्वजनिक गरेका छन् ।

यता प्रधानमन्त्री डा.बाबुराम भट्टराईले ससुरा धर्मरत्न यमी ट्रष्टलाई ३ करोड दिने ठाडो प्रस्ताव पारित गरेर प्रचण्डलाई मात्र होइन आम जनतालाई समेत आश्चर्यमा पारिदिएका छन् । धर्मरत्न यमी राजा महेन्द्रले ०१९ सालमा संसद बनाएका प्रम पत्नी हिसिला यमीका बाबु हुन् । धर्मरत्न यमीको ट्रष्टलाई राज्यले पैसा दिनुपर्ने आम नागरिकको माग थिएन ।

'बम काण्डका मृतक र घाइतेभन्दा पनि प्रम बाबुरामका लागि ससुरा निकट भएको घटनाले एमाओवादीको प्राथमिकता के रहेछ भन्ने स्पष्ट भयो' नागरिक समाजका एक अगुवाले रोष प्रकट गरे । यस घटनाले एमाओवादीभित्र कुन प्रकारको प्रतिस्पर्धा रहेछ भन्ने स्पष्ट पारेको छ ।

### दिनानाथकों...

कक्षा ४ देखि ७ सम्म पढ्ने बालबालिकाको भविष्य र शैक्षिक क्षेत्रमा फैलिएको यस्तो अनैतिकताका सम्बन्धमा अधिकारकर्मी आलोचित हुन थालेका छन् । तत्काल यस घटनाका दोषीहरूमाथि छानविन र कारबाही भएन भने यो झिल्का आन्दोलनको डढेलो पनि बन्न सक्छ ।

### बन्द पनि...

गर्ने परम्परा बसालिएको छ । सरकार बनाउने र बदल्ने राजनीतिसँग आम नागरिकको कुनै चासो छैन । जब चुनाव आउँछ तब जनताले मत प्रकट गर्ने हो । तर नेताहरूको झगडामा जनतालाई सास्ती दिइरहनु अत्याचार भएन र ?

### भट्टराई सरकारको...

भट्टराई सरकारको भ्रष्टाचार शुन्य सहनशीलता केवल कागजमा देखाउनका लागि मात्र भएको प्रमाणित भएको छ । मन्त्रिपरिषद्को करिब तीन हप्ता अघिको बैठकले निगम सञ्चालक समितिको निर्णयलाई जस्ताको तस्तै पारित गर्दै एयरबस कम्पनीसँग वार्ताका आधारमा सोझै जाहाज किन्न स्वीकृति दिने निर्णय गरेर सार्वजनिक खदिर ऐनको ठाडो उल्लंघन गरेको छ । सर्वाजनिक खरिद ऐन अनुसार दश लाखभन्दा बढीको सामान खरिद गर्नुपर्ने भएमा खुला प्रतिस्पर्धाका आधारमा टेन्डर आव्हान गरेर मात्र खरिद गर्नुपर्ने प्रावधान गरिएको छ । तर त्यस्तो टेन्डर प्रक्रिया अपनाउँदा कमिशन नपाइने भएको हुनाले प्रधानमन्त्री भट्टराईको ठाडो दबाबम सोझै जहाज खरिद गर्न स्वीकृति प्रदान गर्नुको पछाडि कमिशनको खेलबाहेक अन्य केही हुन सक्दैन ।

मन्त्रिपरिषदसूत्रका अनुसार टेन्डर पक्रियाद्वारा खुला प्रतिस्पर्धा गराई जहाज खरिद प्रक्रिया अगाडि बढाउन प्रधानमन्त्रीले निर्देशन दिनु पर्नेमा आफ्नै पार्टीका महासचिव पोष्टबहादुर बोगटीको सुझावमा प्रधानमन्त्री भट्टराईले सार्वजनिक रूपमै पटक पटक सोझै छिटो जहाज किन नेपला वायु सेवा निगमलाई दबाब दिइरहेका छन् । एउटा कम्पनीसँग माग वार्ता गरी खरिद प्रक्रिया अगाडि बढाउनुको सट्टा अन्य कम्पनीहरूसँग वर्ता गरी टेन्डरको आधारमा खुला प्रतिस्पर्धाको अधारमा जहाज खरिद प्रक्रिया अगाडि बढाएको भए अहिलेको मूल्यभनदा सस्तो मूल्यमा जहाज आउन सक्ने उच्चतहका कर्मचारीले जानकारी दिएका छन् । तर भट्टराई सरकार त्यसो गर्न तयार नदेखिनुका पछाडि कमिशनको खेल रहेको छ । खुला प्रतिस्पर्धा गराएर जहाज खरिद प्रक्रिया अगाडि बढाउन कमिशन नआउने भएको हुनाले भट्टराईले विना प्रतिस्पार्धा विना टेन्डर जहाज ल्याउन दबाब दिइरहेका छन् । त्यो कमिशनकै लागि मात्र हो । ती अधिकारीले भने जसरी भएपनि आफूलाई कमिशन चाहिने प्रधानमन्त्री भट्टराईको नियतले नेपला वायुसेवा निगम भने बढी मूल्यको मारमा भासिने प्रायः निश्चित रहेको छ । प्रम भट्टराई जसरी भएपनि आफू प्रधानमन्त्री हुँदै जहाज खरिद प्रक्रियामा सम्झौता गराउनको लागि सक्रिय देखिएका छन् । यसैले प्रष्ट हुन्छ, भट्टराईको शुन्य सुहनहीलताको नाटक के रहेछ भनी ?

### झूठ बोलेर...

छ । त्यो मेरै प्रयासमा भएको हो भनेर पीडित सामु भनेपनि पीडितहरूले भने उनलाई कालो झण्डा देखाएर विरोध गर्न खोजेपछि पीडित व्याक्तिहरूलाई पत्राउ गरिएको थियो ।

बाँदरमुढे घटना युद्ध अपराधको चरम नमुना हो । यात्रुहरू युद्धमा समलग्न थिएनन्, किन त्यसरी उनीहरूलाई जिउँदै आगो लगाएर मारियो ? यसको जवाफ आजसम्म एमाओवादी नेतृत्वले दिएको छैन । आफ्नै पार्टीका नेतृत्वमा सरकार रहेको बेला आफूले गरेको जघन्य अपराधलाई लुकाउनको लागि राज्यकोषबाट राहत प्याकेज ल्याएको छु भन्नु उक्त पार्टीमा अध्यक्ष दाहालले गैरजिम्मेवारी पनको राम्रो नमुना हो । एउटा पार्टीका कार्यकर्ताहरूले बसभित्र आगो लगाएर निर्दोष व्यक्तिहरूको हत्या गर्ने अनि राज्यकोषबाट त्यही आगो लागउने पार्टीका अध्यक्षले राहत प्याकेज ल्याएको छु भन्नु पीडितहरूमाथि अर्को पीडा थप्ने कार्यबाहेक अन्य केही हुन सक्दैन । तत्कालीन माओवादीका कार्यकर्ताहरूले निर्दोष व्यक्तिहरूको हत्या गर्ने उक्त पार्टीले नै पीडितलाई राहत दिनु पर्नेमा राज्यकोषबाट दिएका राहतलाई मैले ल्याएर भन्नु सोझै पीडित जनताको अपमान हो । अध्यक्ष दाहालले आफै पार्टीबाट राहत प्याकेज दिएका भए, उनले त्यस्तो अभिव्यक्ति दिन सक्थे तर राज्यकोषबाट दिएको प्याकेज मैले ल्याएको हो भन्नु उनको अर्को जघन्य अपरोध हो ।

भाषणक्रममा अध्यक्ष दाहालका वरिपरी त्यही बाँदरमुढे घटनाका अपराधीहरू घुमीरहेका थिए । युद्ध अपारधीहरूलाई कानुनी कठघरामा उभ्याउन नसकेसम्म ६० लाख त के ६० करोड ले पनि बाँदजरमुढे घटनाको क्षतिपूर्ति दिन सक्दैन । त्यहाँ त्यो घटना हुँदा दाहाल नै माओवादी लडाकुका सुप्रिम कमाण्डर समेत रहेका थिए । त्यसकारण उक्त घटनाको जिम्मेवारी पनि अध्यक्ष दाहालले नै लिनु पर्दछ । आफ्नो कार्यकर्ताहरूले गरेका राम्रा र नराम्रा कार्यहरूको जिम्मेवारी लिने कर्तव्य पनि अध्यक्ष दाहालकै भएको हुनाले उनले बाँदरमुढे घटनामा संलग्न भएका व्यक्तिहरूलाई कानुनी कठघरामा नउभ्याएसम्म उक्त घटनाको जिम्मेवारी पनि दाहालले नै लिनु पर्दछ । दाहालले बाँदरमुढे घटनाका सम्बन्धमा क्षमायचना गरेपनि उक्त घटनालाई क्षमायाचना गर्न सकिने अवस्था नरहेको हुनाले त्यस घटनामा संमलग्न भएका व्यक्तिहरूलाई कानुनी कठघरमा उभ्याएर कानुनी कारवाही गरे मात्र पीडितले न्याय पाएको ठाहरिन सक्छ । नत्र भने अध्यक्ष दाहाललगायत जुसुकैले गोहीको आँशु चुहाए पनि त्यसको कुनै अर्थ रहँदैन ।

सरकारले ६० लाख रूपैयाँ सरकारी कोषबाट दिने निर्णय गरी सकेको र पैसा निकासा समते अध्यक्ष दाहालले बताएता पनि सरकारले रकम निकास नै नगरी फेरि दाहालले आफ्नो पछिल्लो झुठ बोल्ने बानीलाई पीडित पक्षमा उजगार गरेर झुठको खेती गर्ने दाहाल फेरि एक पटक पीडित जानतकासामु पुरै नांगीएका छन् । सत्ताधारी पार्टीका अध्यक्ष जस्ता व्यक्तिले पीडितहरू सामु गएर झुठ बोल्नु दाहालको राजनैतिक बेइमानी र अनैतिकताको योभन्दा नमुना अर्को के हुन सक्छ ?

### डेरीको...

धेरै मुनाफा कमाउन खोज्नु के आश्चर्य भयो र ? यस्तो अपराध रोक्ने र अपराधीमाथि कारबाही हुने दिन कहिले आउला ? यति थाहापाइसकेपछि पनि जनता उठ्दैनन्, यो पनि आश्चर्य छ ।

### बलात्कृतलाई...

पनि महिलाहरूले महिला हिंसा विरोधी अभियान चलाएर कानुन कार्यान्वयनको माग उठाइरहेका छन् ।

### हरेक कोणबाट...

बुझिसके कि, यो मुलुकमा अब नयाँ चुनाव असम्भव छ भनेर । यो तथ्यलाई यहाँका सम्पूर्ण राजनीतिक दलहरूले पनि राम्ररी बुझेका छन् । तर आफू कसरी बच्ने ? र जनताका अगाडि कसलाई यो विषयमा जिम्मेवार सावित गर्ने भन्ने मात्र दाउपेच एकातिर चलिरहेको छ भने अर्कातिर वर्तमान सत्तारूढ दलहरू (एमाओवादीसहित) त गैरजिम्मेवार बन्दै यही सरकारलाई अनन्त कालसम्म कसरी निरन्तरता दिइरहन सकिन्छ ? भन्ने रणनीतिलाई सफल पार्न तिर लागेको प्रष्टै बुझिन्छ । वास्तवमा फेरि पनि भन्नुपर्दा एमाओवादीको 'जालमा' कांग्रेस, एमाले, लगायतका दलहरू नराम्ररी फस्न पुगेका छन् । त्यसो त एमाओवादीको हेटौंडा महाधिवेशनको सफलता र त्यसले दिएको सन्देश भन्नु नै पार्टी अध्यक्षमा प्रचण्डलाई कायम गराउन डा.बाबुरामले सघाउने र प्रधानमन्त्रीको पदमा डा.बाबुरामलाई सुरक्षित बनाई राख्न प्रचण्डले सम्पूर्ण हथकण्डा अपनाउने भन्ने नै थियो भनेर बुझ्न अब अबेर गर्नु हुँदैन । त त्यसैको परिणाम हो, यो अहिलेको राजनीतिक गन्जागोल । हिजोको सहमति अर्थात् सिन्डिकेट प्रणाली अन्तर्गत अब (चुनावी) सरकारको नेतृत्व गर्ने पालो कांग्रेसको भनेर सबैले जान्दा जान्दै पनि एक्कासी किन प्रधानन्यायाधीशको नाम उछालियो ? फेरि बल्ल बल्ल प्रधानन्यायाधीशमा सबै थरीले सहमति गरिसकेपछि नयाँ नयाँ व्यवधानहरू सत्ताको नेतृत्व गरिरहेको दल र उसको सहयात्री मधेसवादीहरूबाट किन आइरहेको छ ? यो फागुन महिना लगभग बितिसकेको छ, अब जेठमा संविधानसभाको चुनावमा हुन सक्दैन भनेर विस्तार विस्तार नेताहरूका मुखबाट समेत निस्कन थालिसकेको छ । स्वयं कांग्रेस र एमालेका शीर्षस्थ नेताहरूको मुखारविन्दबाट यी कुराहरू आइरहेका छन् । त्यतिमात्रै होइन, तिनीहरूबाट यदि जेठमा चुनाव गर्न सकिँदैन भने प्रधानन्यायाधीशलाई चुनावी सरकारको नेतृत्व गर्न दिनु हुँदैन भन्ने विचारहरू पनि आइसकेका छन् । वास्तवमा प्रचण्डले भने पनि जसले भने पनि जेठमा चुनाव गर्न त्यति सम्भव देखिँदैन । किनभने गर्नु पर्ने कामहरू धेरै बाँकी छन् । फेरि अप्ठ्यारो भौगोलिक अवस्था भएको मुलुकमा र पर्याप्त स्रोत र साधनको अभाव भएको ठाउँमा यति दुई अढाई महिना काफी छैनन चुनाव गर्नका लागि । उसो भए विपक्षहरू (खासगरी कांग्रेसका)का अनुसार अब खिलराज प्रधानमन्त्री मा अमान्य हुने भए ? किनभने जेठमा चुनाव गर्न सकिँदैन । उसो भए मंसिरमा चुनाव गर्नका लागि प्रधानमन्त्रीको हुने त ? तत्काल यिनै बाबुरामलाई निरन्तरता दिनु बाहेक अरू कुनै विकल्प छ–विपक्षीसँग ? यो नै एमाओवादीको सफलता हो । सधैं नयाँ नयाँ राजनीतिक झन्झटहरू प्रस्तुत गरेर आफ्नो नेतृत्वको सत्ता कायम गराउन सक्नु नै एमाओवादीको ठूलो सफलता हो । आफ्ना हरेक एजेण्डा र आफ्ना हरेक प्रस्तावहरूमा समेत विपक्षीहरूलाई सहमत गराएर पछि त्यसैमा तिनलाई फसाउन सक्नु एमाओवादीको चातुर्यता हो । प्रस्ठ होऔं, यो मुलुक यसरी नै एमाओवादीले पटकपटक गरेर उठाएको झन्झट र झमेलाबाट गुज्रिँदै असिमित समयसम्म उसको नेतृत्वको सरकार कायम गराइराख्ने प्रपञ्च रचिएको छ । यसमा एमाओवादी सफल हुदै जाँदो छ भने अन्य प्रमुख विपक्षीहरू फस्दै फस्दै जाँदो छन । अब के भन्ने ?

## खिलराज कि राजनीतिक खिले ?

बासुदेव वाग्ले

नेताहरू राजनीतिक धर्म छाडा भए भने राष्ट्र संक्रमणबाट संकटको भीरबाट गुल्टिने खतरामा पुग्छ भन्ने उदाहरण नेपाल बनेको छ। एक पार्टीले अर्को पार्टीलाई र एक नेताले अर्को नेतालाई विश्वास गर्न नसक्दा राष्ट्रले रगतको आँसु रुनुपर्ने र जनताले महगो मूल्य चुकाउनु पर्ने हुन्छ। त्यस्तै हालत नेपाल र नेपालीको हुनपुगेको छ।

संविधानसभाको निर्वाचन गर्ने भनेर नेताहरू कस्सिए, सहमति पनि गरे तर राजनीतिक नेतृत्वमा सरकार गठन गरेर चुनाव जाने विषयमा सहमत हुनसकेनन् र प्रधान न्यायाधीशलाई गुहार्न पुगे। यो मुद्धा आफैमा बिबादित बन्यो र राष्ट्रिय बहसको विषय भयो। सर्वसत्तावाद र न्यायिक स्वतन्त्रताको मुद्धा पनि बन्नपुग्यो। राजनीतिक नेताहरूमा देखिएको विश्वासको संकट राष्ट्रिय स्तरमा चुलिएको छ र निर्वाचन हुने हो कि नहुने हो भन्ने आशंका उत्पन्न भइसकेको छ।

यसैवीच गाविस सचिव हकहित संरक्षण केन्द्र र गाविस कर्मचारी संघले आन्दोलन छेड्यो र स्थानीय निर्वाचन पनि सँगसँगै गर्न दबाब दियो। यो मामिला यति उचित थियो कि तत्कालै राज्यले यसको गहिराई बुझेर आन्दोलनलाई थामथुम पार्न सफल भएको छ। हुन पनि संविधानसभाको निर्वाचन गर्दा ०५९ सालदेखि जनप्रतिनिधिविहीन बनेको स्थानीय निकायको बाकस पनि राखिदियो भने ठूलो समस्या समाधान हुनसक्छ। प्रश्न यत्ति छ कि संक्रमणकालको बिकृति र बिसंगति व्यवस्थापन गर्न चुनाव अनिवार्य भएको छ। नेताहरू सहमत भएर चुनाव गर्ने गराउने हुन् कि अझै खिल पल्टिने हो ? प्रश्न यथावत छ।

लैङ्गिक हिंसा रहित समाज आदर्श समाज हो, यस्तो समाज निर्माणमा हामी सबै सहभागी बनौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९, बजार व्यवस्थापक : मनोज खड्का (९८४१८१६०७६) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार